# वार्षिक प्रतिवेदन

आर्थिक वर्ष
२०७८/७९



## निक्षेप तथा कर्जा सुरक्षण कोष

टंगाल, काठमाण्डौ- नेपाल



सञ्चालक समिति तथा कोषको व्यवस्थापन समूह



सञ्चालक समितिका अध्यक्ष र प्रमुख कार्यकारी अधिकृतका साथमा कोषका कर्मचारीहरु

# वार्षिक प्रतिवेदन

२०७८/७९

## निक्षेप तथा कर्जा सुरक्षण कोष

टंगाल, काठमाडौं, नेपाल

# निक्षेप तथा कर्जा सुरक्षण कोष

## सञ्चालक समिति



**डा. राम प्रसाद घिमिरे**
सचिव (राजस्व)
अर्थमन्त्रालय
अध्यक्ष



**थान प्रसाद पंज्ञानी**
सह–सचिव
अर्थ मन्त्रालय
सञ्चालक



**हुम बहादुर के.सी.**
सह–सचिव
कानुन मन्त्रालय
सञ्चालक



**तुल्सी प्रसाद घिमिरे**
नेपाल राष्ट्र बैंक
सञ्चालक



**प्रकाश जंग थापा**
(मनोनित)
सञ्चालक



**रमेश घिमिरे**
प्रमुख कार्यकारी अधिकृत
निक्षेप तथा कर्जा सुरक्षण कोष

# अध्यक्षको सन्देश



सर्वसाधारणको निक्षेप तथा कर्जाको संरक्षण गरी मुलुकको आर्थिक विकासको निमित्त बैंकिङ्ग तथा वित्तीय प्रणाली प्रतिको विश्वसनीयता अभिवृद्धि गर्न तथा सर्वसाधारणको आर्थिक हित संरक्षण र सम्बर्द्धन गर्नको लागि निक्षेप तथा कर्जा सुरक्षण कोषले विभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको छ। स्थापना वर्ष (वि. सं २०३१) देखि नै कर्जा सुरक्षण र वि.सं. २०६७ देखि निक्षेप सुरक्षण कार्यको थालनी गरी कोषले मुलुकको वित्तीय प्रणालीको विकास र स्थायीत्वमा उल्लेखनीय भूमिका निर्वाह गर्दै आएको छ। विपन्न वर्ग, लघु उद्यम, साना तथा मझौला उद्यम, कृषि, स्वरोजगार जस्ता क्षेत्रहरुमा कर्जाको उपलब्धतालाई सहज बनाउन र निक्षेप संकलन एवं परिचालनका लागि सर्वसाधारणलाई आकर्षित गर्नमा निर्वाह गर्दै आएको भूमिकाले कोषलाई वित्तीय प्रणालीको विश्वासिलो संयन्त्रको रुपमा स्थापित गरिदिएको छ।

विश्व अर्थतन्त्रमा कोभिड १९ महामारीको असर तथा रुस युक्रेनबीच जारी युद्धको प्रभाव स्वरुप विभिन्न असरहरु देखा परेका छन्। अमेरिका जस्तो विकसित मुलुकमा समेत क्रमैसँग  बैंकहरु टाट पल्टिने क्रम शुरु भएपछि वित्तीय क्षेत्रमा एक किसिमको संशय पैदा भएको छ। प्रत्यक्ष वा परोक्ष रुपमा नेपालमा समेत यसको प्रभाव पर्ने निश्चित नै छ। उक्त विश्व परिवेशले वित्तीय क्षेत्रप्रति आम सर्वसाधारणको विश्वासको वातावरण कायम राख्न कोषले निर्वाह गर्नु पर्ने भूमिका र जिम्मेवारीलाई थप उजागर गरेको छ।

कोषले निक्षेप सुरक्षण, कर्जा सुरक्षण र कर्जा सुरक्षणकै एक हिस्साको रुपमा पशुधन सुरक्षण कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। पछिल्लो समयमा कोषले आफ्नो कारोबार तथा व्यवसायिक सम्बन्धमा उत्साहजनक प्रगति हासिल गरेको छ। समिक्षा आ.व.मा कर पछि रु. ३ अर्ब १ करोड खुद मुनाफा हासिल गरी मुनाफा र आयकर योगदानका हिसाबले सरकारी स्वामित्वका संस्थानहरु मध्ये उत्कृष्ट पाँच भित्र पर्न कोष सफल भएको छ। कोषको यस प्रकारको व्यवसायिक प्रगतिले वित्तीय स्थायित्व कायम गर्ने नेपाल सरकारको लक्ष्य हासिल गर्नमा महत्वपूर्ण सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ।

कोषले पछिल्ला ५ वर्षदेखि निक्षेप सुरक्षण तर्फ १०४ प्रतिशत र कर्जा सुरक्षण तर्फ ९५० प्रतिशतले बृद्धि हासिल गरेको छ। उक्त बृद्धिदरलाई हेर्दा आगामी दिनमा कोषको व्यवसायिक आकारमा उल्लेख्य बृद्धि हुने देखिन्छ। व्यवसायमा हुने बृद्धिसँगै जोखिम पनि बढ्दै जाने भएकाले कोषले उपलब्ध व्यवसायिक अवसर र अर्न्तनिहित जोखिमलाई सन्तुलित तवरले व्यवस्थापन गर्नुपर्ने खाँचो रहेको छ। यसका लागि कोषले पूँजी कोषमा बृद्धि, सूचना प्रविधिको उच्चतम उपयोग, कर्मचारीहरुको दक्षतामा अभिबृद्धि, जोखिम पहिचान, मुल्यांकन र व्यवस्थनापन जस्ता पक्षहरुमा थप ध्यान केन्द्रित गर्नुपर्ने देखिन्छ। आगामी दिनमा कोषले आम सरोकारवालाहरुको माग तथा अन्तर्राष्ट्रिय अभ्यासको अनुसरण गर्दै नवीन सोचका साथ कोषका व्यवशायिक एवं प्रशासनिक कार्यक्रमहरु अगाडि बढाई मुलुकमा आईपर्न सक्ने वित्तीय संकटको कुशल व्यवस्थापनका लागि आफूलाई थप शसक्त बनाउने कुरामा विश्वास व्यक्त गर्दछु।

अन्त्यमा, हालसम्म हासिल उपलब्धिका लागि कोषको व्यवस्थापन, कर्मचारी, सेवाग्राही, लगायत कोषसँग सरोकार राख्ने सम्पूर्ण पक्षहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु। आफ्नो लक्ष्य प्राप्तिको दिशामा कोष सदैव अग्रसर हुने कुरामा विश्वस्त रहदै कोषको उज्वल भविष्यको लागि शुभकामना व्यक्त गर्दछु।

**अध्यक्ष**

# प्रमुख कार्यकारी अधिकृतको मन्तव्य



वि.सं. २०८० असोज ४ गते कोष स्थापनाको गौरवशाली ४९ औं वर्ष पूरा गरी ५० औं वर्ष प्रवेश गर्दैछ। यस अवधीमा कोषले आफ्ना विभिन्न सुरक्षण कार्यक्रमहरु मार्फत बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप र कर्जाको सुरक्षण गरी नेपाली बैंकिङ्ग तथा वित्तीय प्रणालीको एउटा अभिन्न सारथीको रुपमा आफूलाई स्थापित गरेकोछ।

आ.व. २०७८/७९ मा कोषले रु. ८ खर्व ८० करोड निक्षेप र रु. २ खर्ब ६४ अर्व कर्जाको सुरक्षण गरी रु. ३ अर्ब २८ करोड सुरक्षण शुल्क आर्जन गर्न सफल भएको छ। कोषले आर्जन गरेको उक्त सुरक्षण शुल्क विगत वर्षको सोही अवधिको तुलनामा ४५ प्रतिशतले बढी हो।  समिक्षा अवधिमा उक्त सुरक्षण शुल्कका अतिरिक्त लगानी परिचालनबाट रु. १ अर्ब ४५ करोड आम्दानी भएको छ। लगानीबाट हासिल उक्त आम्दानी विगत वर्षको सोही अवधिको तुलनामा २९ प्रतिशतले बढी हो। यस अवधिमा कोषले सुरक्षण शुल्क, लगानी र अन्य आम्दानी गरी कूल रु. ४ अर्ब ७७ करोड आम्दानी गर्न सफल भएको छ। यस आ.व.मा मुनाफा र आयकर योगदानका आधारमा सरकारी स्वामित्वका संस्थानहरु मध्ये पाँचौ स्थान हासिल गर्न कोष सफल हुनुले कोष परिवारलाई हर्षित, गौरवान्वित र थप जिम्मेवार बनाएको छ।

चालु आ.व. को प्रारम्भदेखि नै बैंक तथा वित्तीय संस्थाहरुको कर्जा प्रवाहमा संकुचन, कमसल कर्जामा बृद्धि, कर्जाको ब्याजरमा बृद्धि, वित्तीय संस्था विरुद्धको विरोध प्रदर्शन जस्ता सुरक्षण व्यवसय प्रतिकूल घटनाक्रमहरु विकसित भएसँगै कोषको कर्जा सुरक्षण व्यवशायमा पनि नकरात्मक असर देखापर्न थालेको छ। यद्यपी चालु आ.व.को तेस्रो त्रैमाससम्ममा कोषको समग्र वित्तीय अवस्थामा भने उत्साहजनक प्रगति हासिल भएको छ। यस अवधिमा कोषले रु. २ खर्ब ७० अर्ब बराबरको कर्जा र रु. ११ खर्ब ५९ अर्ब बराबरको निक्षेपको सुरक्षण गरी रु. ३ अर्ब ४८ करोड सुरक्षण शुल्क आर्जन गर्न सफल भएको छ। कोषले आर्जन गरेको उक्त सुरक्षण शुल्क विगत वर्षको सोही अवधिको तुलनामा २०.३८ प्रतिशतले बढी हो। उक्त सुरक्षण शुल्कका अतिरिक्त लगानी परिचालनबाट रु. १ अर्ब ५० करोड आम्दानी भएको छ। लगानीबाट हासिल उक्त आय विगत वर्षको सोही अवधिको तुलनामा ४५ प्रतिशतले बढी हो। यस अवधिमा सुरक्षण शुल्क, लगानी र अन्य आय गरी कूल रु. ५ अर्ब ८४ करोड अर्जन भएको छ। चालु वर्षको अन्तिम त्रैमास सम्ममा उक्त आम्दानीमा थप बृद्धि हुन भएकाले प्रतिकूल परिवेशका बावजुद समिक्षा वर्षको तुलनामा चालु वर्षमा कोषको मुनाफामा उल्लेख्य बृद्धि हुने अनुमान गर्न सकिन्छ।

बैंक तथा वित्तीय संस्थाहरुको पूँजी पर्याप्तता अनुपातमा चाप, कर्जा लगानीयोग्य कोषमा कमी, व्यवसायिक गतिविधीमा सुस्तता, कर्जाको ब्याजदर र व्यापार व्यवसायबाट हुने आम्दानीको दरमा वेमेल, बजारमा कर्जाको मागमा कमी जस्ता प्रतिकूल आर्थिक परिवेशका कारण बैंक तथा वित्तीय संस्थाहरुको कर्जा विस्तारमा संकुचनको क्रम हालसम्म कायमै रहेको छ। यस अवस्थामा सुधार नआएसम्म कोषको कर्जा सुरक्षण कार्यक्रले तिब्रता नपाउने भएकाले आगामी दिनमा कोषको सुरक्षण व्यवसाय विस्तार थप चुनौतीपूर्ण देखिएको छ। बैंक तथा वित्तीय संस्थाहरुको निष्क्रिय कर्जाको अनुपातमा बृद्धि भई चालु आ.व.को चैत्र मसान्त सम्म औषत अनुपाद ४.५ प्रतिशत पुगेको छ। विगत वर्षहरुमा सो अनुपात सरदर २ प्रतिशत

भन्दा कम हुने गरेको थियो। निष्क्रिय कर्जाको अनुपातमा देखिएको उक्त बृद्धिले कोषको दावी भूक्तानी खर्च पनि उल्लेख्य रुपमा बढ्ने संकेत गर्दछ। तसर्थ आगामी दिनमा कोषको मुनाफा बृद्धिदरलाई कायम राख्ने विषय अत्यन्तै चुनौतिपूर्ण हुने देखिन्छ। त्यसमा पनि ५ वर्ष अघि प्रवाहित सहूलियतपूर्ण कर्जाहरुको भाखा आगामी आ.व.भित्र पूरा हुने भएकाले सो कर्जासँग सम्बन्धित दावीले कोषको मुनाफामा थप चाप पर्ने अवस्था छ।

सम्भावित जोखिमहरुको कुशल व्यवस्थापन गर्दै उपलब्ध व्यवसायिक अवसरको उच्चतम उपयोगबाट नै निर्धारित लक्ष्य हासिल गर्नमा सघाउ पुग्ने भएकाले कोषले सोही बमोजिम आफ्ना योजना तथा प्राथमिकताहरु निर्धारण गर्नुपर्ने खाँचो रहेको छ। आगामी दिनमा उपलब्ध हुनसक्ने व्यवसायिक अवसर र चुनौति दुवै पक्षलाई दृष्टिगत गरी कोषले आगामी पाँच वर्षको लागि दुरगामी रणनीतिक योजना तर्जुमा गरिरहेको छ। कोषको लक्ष्य प्राप्तिका लागि भावी दिनमा अवलम्बन गरिनुपर्ने प्राथमिकता, कार्यविधिगत एवं संरचनागत परिवर्तन र व्यवसायिक एवं गैरव्यवसायिक क्रियाकलापहरुलाई उक्त दस्तावेजले मार्गनिर्देश गर्ने विश्वास लिएको छु ।

कोषले अन्तर्राष्ट्रिय असल अभ्यास, सदस्य संस्थाहरुको सुरक्षण आवश्यकता र कोष स्वयंको व्यवसायिक क्षमतालाई ध्यानमा राखी नविनतम सुरक्षण कार्यक्कमहरुको तर्जुमा र मौजुदा कार्यक्रमहरुको परिमार्जन एवं पुनर्तर्जुमाका लागि आवश्यक तयारी गरिरहेको छ। कोषको आन्तरिक कार्यप्रणालीमा सुधारका लागि सूचना प्रविधिको उच्चतम प्रयोग, कर्मचारीहरुको क्षमता अभिवृद्धि, विवेकशील जोखिम व्यवस्थापन प्रणालीको अनुशरण, उच्च तहको संस्थागत सुशासन, अनुपालनामा शुन्य सहिष्णुता संस्कृति, पद्धति र कार्यसम्पादन प्रेरित कार्य वातावरण, सुरक्षण कार्यक्रमहरुको प्रबर्द्धन एवं बजारीकरण जस्ता पक्षहरुमा आगामी दिनहरुमा थप जोड दिईनेछ।

अन्त्यमा, कोषलाई सेवा गर्ने अवसर प्रदान गर्ने बैंक तथा वित्तीय संस्था, कुशल मार्गदर्शन प्रदान गर्नु हुने कोष संचालक समितिका अध्यक्ष, संचालकहरु, कोषलाई आजको अवस्थासम्म ल्याउन अहोरात्र परिश्रम गर्नुहुने कर्तब्यनिष्ट कर्मचारीजन, नेपाल सरकार, नेपाल राष्ट्र बैंक लगायत सम्पूर्ण सरोकारवालाहरुमा हार्दिक आभार एवं धन्यवाद व्यक्त गर्न चाहन्छु। साथै, आगामी दिनमा सम्बद्ध सबै पक्षबाट कोषलाई प्राप्त हुने साथ, सहयोग र मार्गदर्शनले नेपाली अर्थतन्त्रको एक सबल एवं विश्वसनीय संस्थाको रुपमा स्थापित कोषको संस्थागत पहिचानले थप उचाई हासिल गर्ने कुरामा विश्वास प्रकट गर्दछु।

**रमेश घिमिरे**

**प्रमुख कार्यकारी अधिकृत**

**निक्षेप तथा कर्जा सुरक्षण कोष**

# कोषको संक्षिप्त परिचय

स्थापना → २०३१ आश्विन ४ → २०७३ देखि निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन बाट संचालित



**कर्मचारी संख्या**

- स्थायी-५६
- करार- १३
- कुल- ६९




## कोषका उद्देश्य

१. नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थामा प्राकृतिक व्यक्तिको नाममा कल, चल्ती, बचत तथा मुद्दति खातामा प्रति प्राकृतिक निक्षेपकर्ता प्रति बैंक/वित्तीय संस्थामा रहेको रु. ५ लाख सम्मको निक्षेप रकमको सुरक्षण गर्ने ।

२. बैंक तथा वित्तीय संस्थाले साना तथा मझौला उद्यम, कृषि, लघु वित्त तथा विपन्न वर्ग, शैक्षिक तथा शैक्षिक बेरोजगार व्यवसाय र निर्यात क्षेत्रमा प्रवाह गरेको कर्जाको सुरक्षण गर्ने ।

३. वाणिज्य बैंक, वित्तीय संस्था, सहकारी संस्था, वित्तीय मध्यस्थताको कार्य गर्ने संस्था तथा पशुधनको क्षेत्रमा कार्य गर्ने अन्य संगठित संस्थाबाट पशुधन कर्जा लिई खरीद गरिएको पशुधनको सुरक्षण गर्ने।

## संचालक समिति

१. सरकारबाट मनोनित नेपाल सरकारका कर्मचारी - ३
२. नेपाल राष्ट्र बैंकका कर्मचारी - १
३. सरकारबाट मनोनित स्वतन्त्र संचालन - २
४. कोषका प्रमुख कार्यकारी अधिकृत - १

कुल ७ जना



# निक्षेप तथा कर्जा सुरक्षण कोष


केन्द्रीय कार्यालय टंगाल, काठमाडौं

फोन नं. ४४१०६५९, ४४१७६०२, ४४२१२४१

फ्याक्स नं.: +९७७-१-४४३१७१०

E-mail:info@dcgf.gov.np

website:www.dcgf.gov.np.





**शाखा कार्यालयहरु:**

विराटनगर: ०२१-४५००८९

जनकपुर : ०४१-५९०५२७

भतपुर: ०५६-५२६७२८

पोखरा: ०६१-५३८६६९८

बुटवल: ०७१-५४०७६५

सुर्खेत: ०८३-४१२११३

धनगढी: ०९१-५२५०००



निक्षेप सुरक्षण रकम (करोडमा)
४३,०७४
६०,३३९
६८,९४९
८१,१६२
८७,९२२
४०%
१४%
१८%
८%
२०७४/७५
२०७५/७६
२०७६/७७
२०७७/७८
२०७८/७९
कूल निक्षेप सुरक्षण (रु.हजारमा)
बृद्धि दर




निक्षेपकर्ता संख्या
१९,३६९,१०७
२२,१८०,७१६
२६,०२६,४४८
३०,१०७,२४४
३६,१४३,३०४
०%
१५%
१७%
१६%
२०%
२०७४/७५
२०७५/७६
२०७६/७७
२०७७/७८
२०७८/७९




कर्जा सुरक्षण रकम (अर्बमा)
१२.३८
२५.६८
६२.१०
१२५.२८
२६४.२८
१०७.३८%
१४१.८७%
१०१.७३%
११०.९६%
२०७४/७५
२०७५/७६
२०७६/७७
२०७७/७८
२०७८/७९
कर्जा सुरक्षण रकम (अर्बमा)
बृद्धि दर

## विगत ५ वर्षको सुरक्षण शुल्क आम्दानी




## विगत ५ वर्षको ब्याज आम्दानी



## विगत ५ वर्षका संचालन खर्च




## विगत ५ वर्षको कर पछिको आम्दानी



## विगत ५ वर्षका प्रमुख वित्तीय झलकहरु

| आ .व | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | Trend |
|---|---|---|---|---|---|---|
| निक्षेप सुरक्षण क्षेत्र | ८१२,८५६,४६१.८३ | ९३१,१७३,९२३.१८ | १,०५८,०५१,१२५.२३ | १,२२८,८१९,७२८.९१ | १,३७४,०८२,८४७.०१ | |
| कर्जा सुरक्षण क्षेत्र | १४६,१०७,५९०.१४ | २२६,१७२,७२६.१५ | ५८३,५९४,८५९.९२ | १,००५,८२१,७६९.४५ | १,८७०,४६३,२१८.२८ | |
| पशुधन सुरक्षण क्षेत्र | ४१,७५०,९२२.९९ | ३७,६०४,२२७.५० | ३५,५८९,९०१.५० | २२,३२९,८९०.५० | ९,४६९,२१३.५० | |
| विपन्न तथा लघु कर्जा क्षेत्र | ९३,४०९,५१८.१४ | १७०,७३८,६८४.३२ | ५०२,५५१,८७५.६० | ८२५,७९०,९३०.१७ | १,२९०,५१७,०५६.३२ | |
| कृषि कर्जा क्षेत्र | ७,३८६,७००.७० | ११,१६८,०५३.९६ | १३,७४८,२६८.२४ | १८,०४८,११०.६८ | ४८,९२६,९०२.५२ | |
| वैदेशिक कर्जा क्षेत्र | - | | | | | |
| सहुलियत पूर्ण क्षेत्र | | | २१,७०८,९३५.४८ | १२१,७३७,८४१.८६ | ४६०,३१४,०२७.३९ | |
| शैक्षिक क्षेत्र | | | ११,४६५.०० | - | | |
| साना तथा मझौला उद्यम क्षेत्र | ३,५६०,४४८.३१ | ६,६६१,७६०.३७ | ९,९८४,४१४.१० | १७,९१४,९९६.२४ | ६१,२३६,०१८.५५ | |
| **सुरक्षण दस्तुर आम्दानी** | **९५८,९६४,०५१.९७** | **१,१५७,३४६,६४९.३३** | **१,६४१,६४५,९८५.१५** | **२,२३४,६४१,४९८.३६** | **३,२४४,५४६,०६५.२९** | |
| **व्याज आम्दानी** | **७७०,४४९,४३४.६५** | **१,०८९,४३९,११४.९९** | **२,५२६,८९१,१५५.०४** | **१,१२९,९१९,६१०.९४** | **१,४५३,२३७,६५६.६७** | |
| मुद्दती लगानीबाट व्याज आम्दानी | ७५६,३२२,९१६.५० | १,०७७,४११,९६८.८७ | १,२५१,७११,५७२.५२ | १,१२१,१२९,५८८.९९ | १,४४४,५६५,६१४.४३ | |
| ऋणपत्र बाट व्याज आम्दानी | १२,०६९,२३१.०४ | १२,०२७,१४६.१२ | ११,७३४,००५.०० | ८,७९०,०२१.९५ | ८,६७२,०४२.२४ | |
| पुर्नमुल्याङ्कन समायोजन | २,०५७,२८७.११ | - | १,२६३,४४५,५७७.५२ | | | |
| **अन्य आम्दानी** | **१५,९६५,६७९.१३** | **१,६९२,८२७.७६** | **३३,६१३,३८९.४६** | **७,७८३,७९४.४८** | **७८,५७५,५७३.८३** | |
| क्षतिपूर्ति असूली | १५,९६५,६७९.१३ | १,६९२,८२७.७६ | ४,००२,६१५.७७ | १,६४७,०८३.४१ | १५,०५२,२२३.७३ | |
| लाभांश आम्दानी | | | ६६४,५१०.८५ | - | - | |
| शेयर विक्री आम्दानी | | | ६,४८२,१८९.०४ | १,२८२,५४०.०० | - | |
| बोलपत्र आवहान शुल्क आम्दानी | | | | ६१४,०००.०० | - | |
| वित्तीय आम्दानी | | | १,९६२,२९३.६४ | १,९९६,३११.०६ | ४,६९५,६०१.३७ | |
| परिक्षा शुल्क आम्दानी | | | | १,९८२,९००.०० | - | |
| अन्य आम्दानी | २२,७१८,६१४.२६ | ४,४५०,५२२.०९ | २०,५०१,७८०.१६ | २६०,९६०.०१ | ५८,८२७,७४८.७३ | |
| **१.कुल आम्दानी** | **१,७४५,३७९,१६५.७५** | **२,२४८,४७८,५९२.०८** | **४,२०२,१५०,५२९.६५** | **३,३७२,३४४,९०३.७८** | **४,७७६,३५९,२९५.७९** | |
| अन्य प्रशासनिक खर्च | २४,१८२,१६७.७६ | ७९,६५०,०३६.५७ | ६१,५०९,१९०.१६ | ३६,१८४,३०२.०८ | २९,७०७,८९१.२९ | |
| सुरक्षण खर्च | ६,१७३,३३९.६७ | ६,८३८,७८६.२७ | ४,७३१,९२४.३७ | २,६७०,००८.६४ | २,३४१,९१४.४६ | |
| दावी भुक्तान | ३०,७३१,२२६.७६ | ६२,४३१,६५२.१२ | ८६,४९६,५२५.३६ | १८३,०३०,२९३.२७ | २७४,२६२,२७२.८७ | |
| अफिस सामान | ३२४,०७८.३५ | - | | | | |
| यस वर्षको ह्रास कट्टी | ३,५६२,७५८.४३ | ४,४४०,८८१.०५ | ४,९९८,५७८.७० | ८,६७१,४६३.०० | १७,२२६,८६४.१२ | |
| **खर्च** | ६४,९७३,५७०.९७ | १५३,३६१,३५६.०१ | १५७,७३६,२१८.५९ | २३०,५५६,०६६.९९ | ३२३,५३८,९४२.७४ | |
| **कर्मचारी सम्बन्धि खर्च** | ४१,१७१,७०७.३८ | ४०,२०८,३८९.६६ | ४७,४२३,२८३.३० | ४८,७२८,१०२.५९ | ५६,९७६,६३३.३१ | |
| **कुल खर्च** | १०६,१४५,२७८.३५ | १९३,५६९,७४५.६७ | २०५,१५९,५०१.८९ | २७९,२८४,१६९.५८ | ३८०,५१५,५७६.०५ | |

## विषय सुची


| सि.नं. | विषय | पृष्ठ नं. |
|---|---|---|
| १. | अध्यक्षको भनाई | क |
| २. | प्रमुख कार्यकारी अधिकृतको भनाई | ख |
| ३. | संचालक समितिको विवरण तालिका | घ |
| ३. | निक्षेप तथा कर्जा सुरक्षण कोषको संक्षिप्त परिचय | घ |
| ४. | विभिन्न डायग्राममा आर्थिक विवरण | च |
| ४. | वित्तिय अवस्थाको झलक | १ |
| ५. | लेखा परिक्षकको प्रतिवेदन | १२ |
| ६. | वित्तिय अवस्थाको विवरण | १५ |
| ७. | आय व्यायको विवरण | १६ |
| ८. | कर्जा सुरक्षणको आय व्यायको विवरण | १७ |
| ९. | नगद प्रवाह विवरण | १८ |
| १०. | इक्युटीमा भएको परिवर्तनको विवरण | २० |
| ११. | वित्तीय विवरणसँग सम्बन्धित प्रमुख नीति तथा टिप्पणीहरु | २१ |
| १२. | निक्षेप कर्जा तथा पशुधन सुरक्षण सम्बन्धी विवरण | ४१ |

# १ निक्षेप सुरक्षण

## १.१ सुरक्षण

नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थामा प्राकृतिक निक्षेपकर्ताको नाममा कल, चल्ती, बचत र मुद्दती खाता समेत गरी प्रति निक्षेपकर्ता प्रति बैंक/वित्तीय संस्थामा रहेको बढीमा रु. पाँच लाखसम्मको निक्षेपको कोषमा स्वतः सुरक्षण हुने व्यवस्था रहेको छ ।

## १.२ सदस्य बैंक तथा वित्तीय संस्था

नेपाल राष्ट्र बैंकबाट इजाजत पत्र प्राप्त “क” वर्गका २१ वटा, “ख” वर्गका १७ वटा, “ग” वर्गका १७ वटा र “घ” वर्गका २ वटा गरी ५७ वटा बैंक तथा वित्तीय संस्थाहरु यस कार्यक्रममा संलग्न रहेका छन् ।

## १.३ सुरक्षण शुल्क

| क्र.स | वार्षिक सुरक्षण शुल्क | भुक्तानी अवधि |
|---|---|---|
| १ | ०.१६% | प्रत्येक त्रैमासको लागि अर्को महिनाको १० गते भित्र ०.०४ प्रतिशत का दरले अग्रिम रुपमा बुझाउनुपर्ने । |

## १.४ दाबी भुक्तानी

सुरक्षित बैंक तथा वित्तीय संस्था लिक्वीडेशनमा गएको घोषणा भएमा प्रति बैंक तथा वित्तीय संस्था प्रति प्राकृतिक व्यक्तिको कल, चल्ती, बचत र मुद्दती खाता समेत गरी बढीमा रु.पाँच लाखसम्मको रकम लिक्वीडेटर मार्फत सम्बन्धित निक्षेपकर्तालाई कोषले भुक्तानी दिने व्यवस्था रहेको छ ।

# २ कर्जा सुरक्षण

## २.१ साना तथा मझौला उद्यम कर्जा

### २.१.१ सुरक्षण

साना तथा मझौला उद्यम अन्तर्गत व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई स्थिर तथा चालू पूंजीको लागि धितो लिई बैंक तथा वित्तीय संस्थाले प्रदान गरेको कर्जाको कोषले सुरक्षण गर्ने व्यवस्था गरेको छ ।

### २.१.२ सदस्य बैंक तथा वित्तीय संस्था

साना तथा मझौला उद्यम कर्जा सुरक्षण अन्तर्गत निम्नानुसारका बैंक तथा वित्तीय संस्थाले कोषसंग सम्झौता गरी यस क्षेत्रमा लगानी गरेको कर्जा सुरक्षण गराइरहेका छन् ।

| क्र.स | सदस्य बैंक वित्तीय संस्था |
|---|---|
| १ | सिटिजन्स् बैंक इन्टरनेशनल लि |
| २ | लक्ष्मी बैंक लि |
| ३ | नेपाल एसबिआई बैंक लि |
| ४ | समृद्धि फाइनान्स कम्पनी लि. |
| ५ | प्रोग्रेशिभ फाइनान्स लि. |
| ६ | गरिमा बिकास बैंक लि |

### २.१.३ कर्जा सुरक्षण सीमा

साना तथा मझौला उद्योग र सेवा व्यवसायमा बैंक तथा वित्तीय संस्थाले प्रदान गरेको रु. १ करोड सम्मको कर्जा रकम (साँवा र ब्याज) कोषसँग भएको सम्झौता पश्चात स्वत सुरक्षण हुने व्यवस्था गरिएको छ । कोषको स्वीकृति लिई एक करोड भन्दा बढी लगानी गरिने कर्जाको सुरक्षण सीमा रु. ३ करोड सम्म पुर्‍याइएको छ ।

### २.१.४ सुरक्षण शुल्क

| क्र.स | वार्षिक सुरक्षण शुल्क | भुक्तानी अवधि |
|---|---|---|
| १ | बाँकी सावा र ब्याजको ०.६% | अर्ध बार्षिक रुपमा श्रावण र माघमसान्त भित्र |

### २.१.५ दाबी भुक्तानी

कर्जा असुल उपर हुन नसकेमा असुल उपर हुन बाँकी साँवा र व्याज रकम भुक्तानीको कोषमा लेखी आएमा निम्नानुसार दाबी भुक्तानी गरिने छ ।

| क्र.स | दाबी सीमा | भुक्तानी प्रतिशत | दाबी पेश गर्नुपर्ने समय सीमा |
|---|---|---|---|
| १ | रु. ५० लाख सम्मको कर्जाको | ८०% | अन्तिम भुक्तानी मिति पछि २ बर्ष भित्र |
| २ | ५० लाख भन्दा माथि रु ३ करोडसम्मको कर्जाको | ७०% | |

## २.२ कृषि कर्जा

### २.२.१ सुरक्षण

कृषि कर्जा अन्तर्गत व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई स्थिर तथा चालू पूंजीको लागि धितो लिई बैंक तथा वित्तीय संस्थाले प्रदान गरेको कर्जाको कोषले सुरक्षण गर्ने व्यवस्था गरेको छ ।

### २.२.२ सदस्य बैंक तथा वित्तीय संस्था

| क्र.स | सदस्य बैंक वित्तीय संस्था |
|---|---|
| १ | सिटिजन्स् बैंक इन्टरनेशनल लि |
| २ | लक्ष्मी बैंक लि |
| ३ | कुमारी बैंक लि |
| ४ | ग्लोबल आइ एम इ बैंक लि |
| ५ | मछापुच्छ्रे बैंक लि |
| ६ | नेपाल इन्भेष्टमेन्ट बैंक लि |
| ७ | प्रभु बैंक लि |
| ८ | सांग्रिला डेभलपमेन्ट बैंक लि |
| ९ | समृद्धि फाइनान्स कम्पनी लि. |
| १० | प्रोग्रेशिभ फाइनान्स लि. |
| ११ | रिलायन्स बैंक लि |

### २.२.३ कर्जा सुरक्षण सीमा

कृषि व्यवसायमा बैंक वा वित्तीय संस्थाले प्रदान गरेको रु. १ करोड सम्मको कर्जा रकम (साँवा र ब्याज) कोषसँग भएको सम्झौता पश्चात स्वत सुरक्षण हुने व्यवस्था गरिएको छ । कोषको स्वीकृति लिई लगानी गरिने कर्जाको सुरक्षण सीमा रु. ३ करोड सम्म पुर्‍याइएको छ ।

### २.२.४ सुरक्षण शुल्क

| क.स | वार्षिक सुरक्षण शुल्क | भुक्तानी अबधि |
|---|---|---|
| १ | बाँकी सावा र ब्याजको ०.६% | अर्ध बार्षिक रुपमा श्रावण र माघमसान्त भित्र |

## २.३ लघु वित्त तथा विपन्न वर्ग कर्जा

### २.३.१ सुरक्षण

प्रचलित कानून बमोजिम धितो सुरक्षण नलिई  व्यक्तिगत वा सामूहिक जमानीमा वा धितो लिई कर्जा प्रदान गर्न योग्य ऋणीलाई सदस्य संस्थाले लघु वित्त तथा विपन्न वर्ग कर्जा कार्यक्रम अन्तर्गत प्रवाह गरेको कर्जा कोषमा सुरक्षण हुने व्यवस्था रहेको छ ।

### २.३.२ सदस्य बैंक तथा वित्तीय संस्था

लघु वित्त तथा विपन्न वर्ग कर्जा अन्तर्गत ५३ वटा बैंक/वित्तीय संस्थाले यस कार्यक्रम संचालन गर्न कोषसंग संझौता गरी कर्जा सुरक्षण गराइरहेका छन् ।

### २.३.३ कर्जा सुरक्षण सीमा

लघु वित्त तथा विपन्न वर्ग कर्जा कार्यक्रम अन्तर्गत बैंक तथा वित्तीय संस्थाले कोषसँग संझौता गरे पश्चात प्रदान गरेको देहाय वमोजिमको कर्जा रकम कोषमा सुरक्षण हुने व्यवस्था गरिएको छ :

(क) व्यक्तिगत वा सामूहिक जमानीमा सदस्य संस्थाले प्रति व्यक्ति रु. १० लाख सम्म प्रदान गरेको कर्जा त्यस्तो कर्जा प्रदान भएको मितिदेखि नै कोषमा स्वतः सुरक्षण भएको मानिनेछ ।

(ख) कर्जा सुरक्षण नियमावलीको तेस्रो सशोधनबाट झिकिएको

(ग१) धितो लिई सदस्य संस्थाले प्रति व्यक्ति रु. २० लाख सम्म प्रदान गरेको कर्जा प्रदान भएको मितिदेखि नै कोषमा सुरक्षण भएको मानिने छ ।

(ग२) भूकम्प पीडितको निजी आवास निर्माण कर्जामा प्रतिव्यक्ति तीन लाख रुपैयाँसम्म,

(ग३) सक्रिय खेल जीवनबाट निवृत खेलाडीलाई व्यवसाय सन्चालन गर्न प्रदान गरिने कर्जामा प्रतिव्यक्ति दश लाख रुपैयाँसम्म,

(ग४)सशस्त्र द्वन्द्वबाट प्रभावित व्यक्तिको लागि प्रदान गरिने स्वरोजगार कर्जामा प्रतिव्यक्ति वा परिवार दश लाख रुपैयाँसम्म,

(घ) वैदेशिक रोजगारबाट सीप मूलक तालिम लिई फर्केका युवा तथा दलित समुदायका व्यक्तिलाई सामूहिक जमानी वा परियोजना धितो अन्तर्गत लगानी गरिएको कर्जाको हकमा रु. १० लाखसम्म प्रदान गरेको कर्जा त्यस्तो कर्जा प्रदान भएको मितिदेखि नै कोषमा स्वतः सुरक्षण भएको मानिनेछ ।

(ङ) लघु वित्त तथा विपन्न वर्ग कर्जा अन्तर्गत कोषको पूर्व सहमति लिई महिलाहरुद्वारा प्रवर्द्धित लघु उद्यम कर्जाहरुमा परियोजना धितो, व्यक्तिगत वा सामूहिक जमानी समेत लिई दिइएको रु. १५ लाखसम्मको कर्जा प्रदान भएको मितिदेखि नै कोषमा सुरक्षण भएको मानिनेछ ।

### २.३.४ सुरक्षण शुल्क

| क्र.स | वार्षिक सुरक्षण शुल्क | भुक्तानी अवधि |
|---|---|---|
| १ | बाँकी सावा र ब्याजको ०.८% | अर्ध बार्षिक रुपमा श्रावण र माघमसान्त भित्र |

### २.३.५ दाबी भुक्तानी

कर्जा असुल उपर हुन नसकेमा असुल उपर हुन बाँकी साँवा र व्याज रकम भुक्तानीको कोषमा लेखी आएमा निम्नानुसार दाबी भुक्तानी गरिने छ ।

| क्र.स | दाबी सीमा | भुक्तानी प्रतिशत | दाबी पेश गर्नुपर्ने समय सीमा |
|---|---|---|---|
| १ | बाँकी साँवा र ब्याज रकमको | ७५% | अन्तिम भुक्तानी मिति पछि २ बर्ष भित्र |

## २.४ शैक्षिक कर्जा तथा शैक्षिक वेरोजगार व्यवसाय कर्जा

### २.४.१ सुरक्षण

प्रचलित कानून बमोजिम धितो सुरक्षण नलिई सामूहिक जमानीमा वा धितो लिई कर्जा प्रदान गर्न योग्य ऋणीलाई सदस्य संस्थाले शैक्षिक कर्जा तथा शैक्षिक वेरोजगार व्यवसाय कर्जा कार्यक्रम अन्तर्गत प्रवाह गरेको कर्जा कोषमा सुरक्षण हुने व्यवस्था रहेको छ ।

### २.४.२ कर्जा सुरक्षण सीमा

शैक्षिक कर्जा तथा शैक्षिक वेरोजगार व्यवसाय कर्जा कार्यक्रम अन्तर्गत बैंक तथा वित्तीय संस्थाले कोषसँग संझौता गरे पश्चात प्रदान गरेको देहाय वमोजिमको कर्जा रकम कोषमा सुरक्षण हुने व्यवस्था गरिएको छः

(क) नेपाल सरकारले विपन्न, सीमान्तकृत समुदाय र लक्षित वर्ग भनी परिभाषित गरेका व्यक्तिमध्ये सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट सिफारिस प्राप्त व्यक्तिलाई सदस्य संस्थाले प्रवाह गरेको रु. १० लाख सम्मको शैक्षिक कर्जाको सुरक्षण गर्नेछ ।

(ख) व्यवसायिक तालीम लिई व्यवसाय स्थापना तथा सञ्चालन गर्न नेपाल सरकारले विपन्न, सीमान्तकृत समुदाय र लक्षित वर्ग भनी परिभाषित गरेका व्यक्तिमध्ये गाउँपालिका वा नगरपालिकाबाट सिफारिस प्राप्त शैक्षिक बेरोजगार व्यक्तिलाई सदस्य संस्थाले बिना धितो वा सामुहिक जमानीमा प्रवाह गरेको रु. ५ लाखसम्मको कर्जाको सुरक्षण गर्नेछ ।

(ग) सदस्य संस्थाले चालिस वर्ष उमेर ननाघेका स्नातक तह वा सोभन्दा माथिको शैक्षिक योग्यता हासिल गरेको बेरोजगार व्यक्तिलाई निजको शैक्षिक प्रमाणपत्र धितोमा राखी बढीमा २५ लाखसम्मको कर्जाको सुरक्षण गर्नेछ ।

### २.४.३ दाबी भुक्तानी

कर्जा असुल उपर हुन नसकेमा असुल उपर हुन बाँकी साँवा र व्याज रकम भुक्तानीको कोषमा लेखी आएमा निम्नानुसार दाबी भुक्तानी गरिने छ।

| क्र.स | दाबी सीमा | भुक्तानी प्रतिशत | दाबी पेश गर्नुपर्ने समय सीमा |
|---|---|---|---|
| १ | बाँकी साँवा र ब्याज रकमको | ७५% | अन्तिम भुक्तानी मिति पछि २ बर्ष भित्र |

## २.५ निर्यात कर्जा

### २.५.१ सुरक्षण

प्रचलित कानून बमोजिम योग्य ऋणीलाई सदस्य संस्थाले निर्यात कर्जा कार्यक्रम अन्तर्गत प्रवाह गरेको कर्जा कोषमा सुरक्षण हुने व्यवस्था रहेको छ। बेस्ट फाइनान्स लि. र समृद्धि फाइनान्स लि. ले निर्यात कजा कार्यक्रम संचालन गर्न कोषसंग संझौता गरेका छन्।

### २.५.२ कर्जा सुरक्षण सीमा

निर्यात कर्जा कार्यक्रम अन्तर्गत बैंक तथा वित्तीय संस्थाले कोषसँग संझौता गरे पश्चात प्रदान गरेको देहाय वमोजिमको कर्जा रकम कोषमा सुरक्षण हुने व्यवस्था गरिएको छः

(क) सदस्य संस्थाले प्रवाह गरेको रु ३ करोडसम्मको कर्जाको सुरक्षण कोषले गर्नेछ।

(ख) रु ५० लाख भन्दा बढी रु. ३ करोड रुपैयाँसम्मको कर्जाको सुरक्षण गराउन चाहेमा सदस्य संस्थाले त्यस्तो कर्जा प्रवाह गर्नु अघि कोषको पूर्व स्वीकृति लिनु पर्नेछ।

### २.५.३ सुरक्षण शुल्क

| क्र.स | वार्षिक सुरक्षण शुल्क | भुक्तानी अबधि |
|---|---|---|
| १ | बाँकी सावा र ब्याजको १% | अर्ध बार्षिक रुपमा श्रावण र माघमसान्त भित्र |

## २.६ दाबी भुक्तानी

कर्जा असुल उपर हुन नसकेमा असुल उपर हुन बाँकी साँवा र व्याज रकम भुक्तानीको कोषमा लेखी आएमा निम्नानुसार दाबी भुक्तानी गरिने छ।

| क्र.स | दाबी सीमा | भुक्तानी प्रतिशत | दाबी पेश गर्नुपर्ने समय सीमा |
|---|---|---|---|
| १ | रु. ५० लाख सम्मको कर्जाको | ८०% | अन्तिम भुक्तानी मिति पछि २ बर्ष भित्र |
| २ | ५० लाख भन्दा माथि रु ३ करोडसम्मको कर्जाको | ७०% | |

# ३ पशुधन सुरक्षण

## ३.१ सुरक्षण

दुग्ध उत्पादन, टाँगा व्यवसाय, प्रजनन, ढुवानी, मासु उत्पादन, जोताई आदि प्रयोजनका लागि बैंक तथा वित्तीय संस्थाले प्रति पशु अधिकतम रु.१ लाख ५० हजार सम्म प्रदान गरेको कर्जाबाट खरीद गरेको विभिन्न किसिमका पशुधनहरू कोषमा सुरक्षण हुने व्यवस्था गरिएको छ।

### ३.२ क्षतिपूर्ति प्रतिशत

सुरक्षण भएको पशुधनको मृत्यु भएमा सुरक्षण रकमको ९० प्रतिशत र पशुधन स्थायी रुपले अनुत्पादक भएमा सुरक्षण रकमको ५० प्रतिशतका दरले बैंकमार्फत कोषले पशुपालक कृषकलाई क्षतिपूर्ति प्रदान गर्ने व्यवस्था रहेको छ ।

## ४ सहुलियतपूर्ण कर्जा

### ४.१ सुरक्षण

लघुवित्त तथा विपन्नवर्ग कर्जा सुरक्षण कार्यक्रम अन्तर्गत सुरक्षण हुने गरी सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकिकृत कार्यविधि,२०७५ कार्यक्रम अन्तर्गत प्रवाह गरेको कर्जा कोषमा सुरक्षण हुने व्यवस्था रहेको छ ।

### ४.२ संलग्न बैंक तथा वित्तीय संस्था

सहुलियतपूर्ण कर्जा कायक्रम अन्तर्गत ४१ बैंक/वित्तीय संस्थाले कोषसंग संझौता गरी कर्जा सुरक्षण गर्दै आइरहेका छन् ।

### ४.३ कर्जा सुरक्षण सीमा

लघुवित्त तथा विपन्नवर्ग कर्जा सुरक्षण कार्यक्रम अन्तर्गत सुरक्षण हुने गरी सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकिकृत कार्यविधि,२०७५ कार्यक्रम अन्तर्गत बैंक तथा वित्तीय संस्थाले कोषसँग संझौता गरे पश्चात प्रदान गरेको देहाय वमोजिमको कर्जा रकम कोषमा सुरक्षण हुने व्यवस्था गरिएको छः

(क) व्यक्तिगत वा सामूहिक जमानीमा सदस्य संस्थाले प्रति व्यक्ति रु. १० लाख सम्म प्रदान गरेको कर्जा त्यस्तो कर्जा प्रदान भएको मितिदेखि नै कोषमा स्वतः सुरक्षण भएको मानिनेछ ।

(ख) कर्जा सुरक्षण नियमावलीको तेस्रो सशोधनबाट झिकिएको

(ग१) धितो लिई सदस्य संस्थाले प्रति व्यक्ति रु. २० लाख सम्म प्रदान गरेको कर्जा प्रदान भएको मितिदेखि नै कोषमा सुरक्षण भएको मानिने छ ।

(ग२) भूकम्प पीडितको निजी आवास निर्माण कर्जामा प्रतिव्यक्ति तीन लाख रुपैयाँसम्म,

(ग३) सक्रिय खेल जीवनबाट निवृत खेलाडीलाई व्यवसाय सन्चालन गर्न प्रदान गरिने कर्जामा प्रतिव्यक्ति दश लाख रुपैयाँसम्म,

(ग४)सशस्त्र द्वन्द्वबाट प्रभावित व्यक्तिको लागि प्रदान गरिने स्वरोजगार कर्जामा प्रतिव्यक्ति वा परिवार दश लाख रुपैयाँसम्म,

(घ) वैदेशिक रोजगारबाट सीप मूलक तालिम लिई फर्केका युवा तथा दलित समुदायका व्यक्तिलाई सामूहिक जमानी वा परियोजना धितो अन्तर्गत लगानी गरिएको कर्जाको हकमा रु. १० लाखसम्म प्रदान गरेको कर्जा त्यस्तो कर्जा प्रदान भएको मितिदेखि नै कोषमा स्वतः सुरक्षण भएको मानिनेछ ।

(ङ) लघु वित्त तथा विपन्न वर्ग कर्जा अन्तर्गत कोषको पूर्व सहमति लिई महिलाहरुद्वारा प्रवर्द्धित लघु उद्यम कर्जाहरुमा परियोजना धितो, व्यक्तिगत वा सामूहिक जमानी समेत लिई दिइएको रु. १५ लाखसम्मको कर्जा प्रदान भएको मितिदेखि नै कोषमा सुरक्षण भएको मानिनेछ ।

### ४.४ सुरक्षण शुल्क

सहुलियतपूर्ण कर्जा अन्तर्गत सुरक्षण हुने कर्जाको बाँकी साँवा र व्याज रकमको वार्षिक ०.८% प्रति वर्षका दरले कोषलाई सुरक्षण शुल्क बुझाउनु पर्नेछ । निर्धारित ०.८% सुरक्षण शुल्क मध्ये सदस्य संस्थाले प्रत्येक वर्ष पौष र आषाढ मसान्तमा बाँकी रहने सावाँ र व्याज रकमको ०.४% प्रति वर्ष अर्थात ०.२% अर्धवार्षिकका दरले कर्जाको सुरक्षण शुल्क वापत सदस्य संस्थाले कोषलाई बुझाउनु पर्नेछ ।

## पशुधन सुरक्षण अन्तर्गतका सदस्य संस्था

| क्र.स | सदस्य संस्थाको नाम | क्र.स | सदस्य संस्थाको नाम | क्र.स | सदस्य संस्थाको नाम |
|---|---|---|---|---|---|
| १ | लक्ष्मी बैंक लि. | १९ | समता घरेलु लघुवित्त वित्तीय संस्था लि. | ३७ | इन्फिनिटी लघुवित्त वित्तीय संस्था लि. |
| २ | ग्रामीण विकास लघुबित्त वित्तीय संस्था लि. | २० | मेरो माईक्रोफाइनान्स वित्तिय संस्था लि. | ३८ | एनएमबि लघुवित्त वित्तीय सस्था लि. |
| ३ | निर्धन उत्थान लघुबित्त वित्तीय संस्था लि. | २१ | सजिलो लघुवित्त वित्तीय सस्था लि. | ३९ | आधिँखोला लघुवित्त वित्तीय संस्था लि. |
| ४ | छिमेक लघु वित्त लघुबित्त वित्तीय संस्था लि. | २२ | सामुदायिक महिला विकास केद्र (स्वेडेक | ४० | मनकामना लघुवित्त वित्तीय संस्था लि. |
| ५ | डिप्रोक्स लघुबित्त वित्तीय संस्था लि. | २३ | विन नेपाल लघुवित्त वित्तीय सस्था लि. | ४१ | स्वाभिमान लघुवित्त वित्तीय संस्था लि. |
| ६ | नेरुडे लघु वित्त लघुबित्त वित्तीय संस्था लि. | २४ | सिभिल लघुवित्त वित्तीय सस्था लि. | ४२ | सुपर लघुवित्त वित्तीय संस्था लि. |
| ७ | मुक्तिनाथ विकास बैंक लि. | २५ | आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लि. | ४३ | जनउत्थान लघुवित्त वित्तीय संस्था लि. |
| ८ | स्वरोजगार लघु वित्त वित्तीय संस्था लि. | २६ | वोमी लघुवित्त वित्तीय संस्था लि. | ४४ | एन.आइ.सी. एशिया लघुवित्त वित्तीय संस्था लि. |
| ९ | सत्यवति लघु वित्त वित्तीय संस्था लि. | २७ | बिपिडब्लु लघुवित्त वित्तीय संस्था लि. | ४५ | एन.आर.एन लघुवित्त वित्तीय सस्था लि. |
| १० | सिद्धार्थ सहकारी | २८ | नेशनल माइक्रोफइनान्स वित्तिय संस्था लि. | ४६ | किसान माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. |
| ११ | स्पर्श लघु वित्त वित्तीय संस्था लि. | २९ | नागबेली लघुवित्त वित्तीय सस्था लि लि. | ४७ | घोडीघोडा लघुवित्त वित्तीय संस्था लि. |
| १२ | सबैको लघु वित्त वित्तीय संस्था लि. | ३० | समिट लघुवित्त वित्तीय संस्था लि लि. | ४८ | ग्रामिण स्वयंसेवक लघुवित्त वित्तीय सस्था लि. |
| १३ | कालिका लघु वित्त वित्तीय संस्था लि. | ३१ | सपोर्ट लघुवित्त वित्तीय सस्था लि. | ४९ | जीवन विकास लघुवित्त वित्तीय सस्था लि. |
| १४ | नेपाल एग्रो लघु वित्त वित्तीय संस्था लि. | ३२ | मिथिला लघुवित्त वित्तीय सस्था लि. | ५० | सप्तकोशी डेभलपमेन्ट बैंक लि. |
| १५ | गरिमा विकास बैक लि. | ३३ | स्वस्तिक लघुवित्त वित्तीय संस्था लि. | ५१ | सहकार्य लघुवित्त वित्तीय सस्था लि. |
| १६ | सांग्रिला डेभलपमेन्ट बैंक लि. | ३४ | जनकपुर लघुवित्त वित्तीय सस्था लि. | ५२ | महिला सामुदायिक लघुवित्त वित्तीय सस्था लि. |
| १७ | प्रोग्रेसिभ फाइनान्स लि. | ३५ | नव उज्ज्वलधारा दुग्ध उत्पादक सहकारी सस्था लि. | ५३ | जाल्पा लघुवित्त वित्तीय सस्था लि. |
| १८ | आशा लघुवित्त वित्तीय सस्था लि. | ३६ | सुर्योदय लघुवित्त वित्तीय सस्था लि. | ५४ | शाइन रेसुङ्गा लघुवित्त वित्तीय संस्था लि. |

### ४.५ दाबी भुक्तानी

निर्धारित भुक्तानी म्यादभित्र कोषमा सुरक्षण भएका कर्जा असुल उपर हुन नसकेमा सो कर्जाको असुल उपर हुन बाँकी कर्जा रकम भुक्तानीको लागि बैंक तथा वित्तीय संस्थाल सहुलियतपूर्ण कर्जाको लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ मा उल्लेखित कार्यबिधि पुरा गरी कोषसंग दाबी गर्न सक्नेछन् । यसरी दाबी गरेको रकमको ७५% ले हुने रकम कोषले बैंक तथा वित्तीय संस्थालाई सहुलियतपूर्ण कर्जाको लागि व्याज अनुदान सम्बन्धी एकीकृत कार्यविधि, २०७५ तथा कर्जा सुरक्षण नियममवली २०७५ को अधिनमा रही दाबी भुक्तानी गर्ने व्यवस्था रहेको छ ।

## प्रमुख वित्तीय सूचकहरुः

आर्थिक वर्ष २०७८/७९ को प्रमुख वित्तीय सूचकहरु निम्नानुसार रहेका छन् :- (रकम रु. हजारमा)

| आर्थिक वर्ष २०७८।७९ को वार्षिक कार्यक्रम अनुसारको प्रगति निम्नानुसार रहेको छ। (रकम रु हजारमा) | | | |
|---|---|---|---|
| **वित्तीय स्थिति** | **वास्तविक २०७७/७८** | **वास्तविक २०७८/७९** | **वृद्धिदर प्रतिशत** |
| **१. सुरक्षण प्रदान गरेको निक्षेप / कर्जा** | | | |
| क. निक्षेप सुरक्षण | ८११,६१६,६०२ | ८७९,२१५,८४० | ११०.५५ |
| ख. पशुधन सुरक्षण | ४०१,८७६ | २००,१४१ | ४९.८० |
| ग. साना तथा मझौला उद्दम कर्जा सुरक्षण | ३,५२८,८६० | १०,८९१,३४७ | ३०८.६३ |
| घ. कृषि कर्जा सुरक्षण कर्जा | ३,८६३,१४९ | ८,१०९,१०८ | २१० |
| ङ लघु तथा विपन्न वर्ग कर्जा सुरक्षण | ११७,८८३,५१३ | १७८,४२८,६३३ | १५१.३६ |
| च. सहुलियत कर्जा सुरक्षण रकम | २३,०००,७५१ | ६८,५७१,००६ | २९८.१२ |
| छ. शैक्षीक तथा शैक्षिक वेरोजगार कर्जा | १,५६४ | | |
| ज निर्यात कर्जा | - | - | - |
| **२. सुरक्षण दस्तुर** | **२,२३४,६३७** | **२,२३४,६३७** | **१३६.१२** |
| क. निक्षेप सुरक्षण | १,२२८,८१९ | १,३७४,०८२ | १११.८२ |
| ख. पशुधन सुरक्षण | २२,३२७ | १०,००२ | ४४.८० |
| ग. साना तथा मझौला उद्दम कर्जा | १७,९१४ | ६१,२३६ | ३४१.८३ |
| घ. कृषि कर्जा सुरक्षण शुल्क | १८,०४८ | ४८,९२७ | २७१.०९ |
| ङ. लघु तथा विपन्न वर्ग कर्जा सुरक्षण | ८२५,७९१ | १,२८५,२५९ | १५५.६४ |
| च. सहुलीयत पूर्ण कर्जा | १२१,७३८ | ४७०,३१५ | ३८६.३३ |
| छ. शैक्षीक तथा शैक्षिक वेरोजगार कर्जा | | - | - |
| ज. निर्यात कर्जा | | - | - |
| **३. दावी भुक्तानी** | **१८३,०५८** | **१८३,०५८** | **२११.६४** |
| क. निक्षेप सुरक्षण | - | - | - |
| ख. पशुधन सुरक्षण | २९,८९५ | १९,५७० | ६६.१३ |
| ग. साना तथा मझौला उद्दम कर्जा | - | - | - |
| घ. कृषि कर्जा सुरक्षण शुल्क | - | - | - |
| ङ. लघु तथा विपन्न वर्ग कर्जा सुरक्षण | १५३,१६३ | २३२,६४४ | १५१.८९ |
| च. सहुलीयत पूर्ण कर्जा | - | - | - |
| छ. शैक्षीक तथा शैक्षिक वेरोजगार कर्जा | - | - | - |
| ज. निर्यात कर्जा | - | - | - |
| **५. वित्तीय विवरण** | | | - |
| क. कुल संचालन आय | २,२३४,६३७ | ३,२४९,२४२ | १४५.४० |
| ख. कुल संचालन लागत | १८३,०५८ | २७४,२६२ | १४९.८२ |
| ग. प्रशासनिक र अन्य खर्च | ८७,२६५ | १०३,९११ | ११९.०७ |
| घ. लगानीबाट प्राप्त व्याज आम्दानी | १,१२९,९०२ | १,४५३,२३८ | १२८.६२ |
| ङ. अन्य आम्दानी | ५,७८७ | ७३,८८० | १२७६.६५ |
| च. संचालन नाफा (नोक्सान) | ३,१००,००३ | ४,३६३,८९९ | १४०.७७ |
| **५. चुक्ता पूँजी** | **१०,०००,०००** | **१०,०००,०००** | **१००.००** |
| **६. नेट वर्थ** | **१६,२७७,१३३** | **१९,२९३,५८२** | **११८.५३** |
| **७. स्थिर सम्पत्ति** | **४०४,३२०** | **४३१,३७१** | **१०६.६९** |
| **८. लगानी** | **१५,७२०,१८६** | **१८,९३१,००३** | **१२०.४२** |

## चालु आर्थिक वर्षको प्रथम छ महिनासम्मका उपलब्धीहरू

आर्थिक वर्ष २०७८/७९ को वार्षिक कार्यक्रम अनुसार २०७८ पौष मसान्तसम्मको प्रगति निम्नानुसार रहेको छ :-(रकम रु. हजारमा)

| वित्तीय स्थिति | वार्षिक लक्ष्य २०७९/८० | प्रगती २०७९ पौष सम्म | वार्षिक लक्ष्यमा प्रगति प्रतिशत |
|---|---|---|---|
| **१. सुरक्षण प्रदान गरेको निक्षेप /कर्जा** | **१,४७२,४१८,६६४** | **१,४१९,७४७,५६९** | **९६.४२** |
| क. निक्षेप सुरक्षण | १,२००,०००,००० | १,१५२,१३६,२८६ | ९६.०१ |
| ख. पशुधन सुरक्षण | ३५६,४५० | ५८,६९४ | १६.४६ |
| ग. साना तथा मझौला उद्दम कर्जा सुरक्षण | १६,०१०,२८० | १२,२८५,८११ | ७६.७३ |
| घ. कृषि कर्जा सुरक्षण कर्जा | ११,१७५,३६५ | ९,२९९,७८९ | ८३.२२ |
| ङ लघु तथा विपन्न वर्ग कर्जा सुरक्षण | १७८,४२८,६३३ | १८३,८०३,२६३ | १०३.०१ |
| च. सहुलियत कर्जा सुरक्षण रकम | ६६,४२६,०१६ | ६२,१६३,७२६ | ९३.५८ |
| छ. शैक्षीक तथा शैक्षिक वेरोजगार कर्जा | १०,९६० | - | - |
| ज निर्यात कर्जा | १०,९६० | - | - |
| **२. सुरक्षण दस्तुर** | **३,१३०,४४८** | **१,५०५,९९५** | **४८.११** |
| क. निक्षेप सुरक्षण | १,५००,००० | ९१०,८१० | ६०.७२ |
| ख. पशुधन सुरक्षण | १७,८२३ | २,९३४ | १६.४६ |
| ग. साना तथा मझौला उद्दम कर्जा | ९६,०६२ | ३६,८५७ | ३८.३७ |
| घ. कृषि कर्जा सुरक्षण शुल्क | ६७,०५३ | २७,८९९ | ४१.६१ |
| ङ. लघु तथा विपन्न वर्ग कर्जा सुरक्षण | १,९५०,२०२ | ७३५,२१३ | ३७.६९ |
| च. सहुलीयत पूर्ण कर्जा | ६३४,२९९ | २४८,६५५ | ३९.२० |
| छ. शैक्षीक तथा शैक्षिक वेरोजगार कर्जा | १०० | - | - |
| ज. निर्यात कर्जा | १०० | - | - |
| **३. दाबी भुक्तानी** | **६५२,५४२** | **१००,६५९** | **१५.४३** |
| क. निक्षेप सुरक्षण | ३,००० | - | - |
| ख. पशुधन सुरक्षण | २२,८९० | ४,७८९ | २०.९२ |
| ग. साना तथा मझौला उद्दम कर्जा | ६.००५ | - | - |
| घ. कृषि कर्जा सुरक्षण शुल्क | ५,५८८ | - | - |
| ङ. लघु तथा विपन्न वर्ग कर्जा सुरक्षण | ६०९,७७९ | १३६,०६८ | २२.३१ |
| च. सहुलीयत पूर्ण कर्जा | | - | - |
| छ. शैक्षीक तथा शैक्षिक वेरोजगार कर्जा | | - | - |
| ज. निर्यात कर्जा | | - | - |
| **५. वित्तीय विवरण** | | | |
| क. कुल संचालन आय | २,२६५,६३९ | १,५०५,९९५ | ४८.११ |
| ख. कुल संचालन लागत | ६४७,२६२ | १००,६५९ | १५.४३ |
| ग. प्रशासनिक र अन्य खर्च | १६५,९१७ | ४१,०२१ | २६.५७ |
| घ. लगानीबाट प्राप्त व्याज आम्दानी | २,०८६,१८७ | ६७०,३०० | ५६.०३ |
| ङ. अन्य आम्दानी | ५,००० | ६,०१९ | २४०.७६ |
| च. संचालन नाफा (नोक्सान) | ५,५४३,६४८ | २,०४०,६३४ | ५७.९३ |
| **५. चुक्ता पूंजी** | **१०,०००,०००** | **१०,०००,०००** | **१००.००** |
| **६. नेट वर्थ** | **२४,८३७,२३०** | **२०,५३९,३२४** | **१२६.१९** |
| **७. स्थिर सम्पत्ति** | **४६७,९९६** | **४४०,८३२** | **८७.४७** |
| **८. लगानी** | **१८,७२८,३२५** | **१७,४२९,७८६** | **९४.९९** |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल/अनामनगर, काठमाण्डौं, नेपाल
Babarmahal / Anamnagar, Kathmandu, Nepal
(सार्वजनिक संस्थान लेखापरीक्षण महानिर्देशनालय)

पत्र संख्या:२०७९।८०
चलानी नम्बर: ९६६

मिति: २०७९।११।१०

श्री अध्यक्षज्यु,
निक्षेप तथा कर्जा सुरक्षण कोष,
टंगाल, काठमाडौं ।

विषय: स्वतन्त्र लेखापरीक्षण प्रतिवेदन ।

**कैफियत सहितको राय**

हामीले निक्षेप तथा कर्जा सुरक्षण कोषको यसै साथ संलग्न २०७९ आषाढ मसान्तको वित्तीय स्थिति, सोहि मितिमा समाप्त भएको आर्थिक वर्षको आय विवरण, नगद प्रवाह विवरण र इक्विटीमा भएको परिवर्तनको विवरण र तत्सम्बन्धी लेखा नीति तथा टिप्पणीहरु समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा यस प्रतिवेदनमा कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएको विषयले पार्ने असर बाहेक निक्षेप तथा कर्जा सुरक्षण कोषको २०७९ आषाढ मसान्तको वित्तीय स्थिति र सो मितिमा अन्त्य भएको आर्थिक वर्षको संचालन नतिजा, नगद प्रवाहको विवरण तथा ईक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरणको प्रचलित लेखा तथा प्रतिवेदन सिद्दान्त बमोजिम सही र यथार्थ चित्रण गर्दछ ।

**राय व्यक्त गर्ने आधार**

कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारको रुपमा वित्तिय विवरणहरुमा सारभुत असर पार्ने कैफियत निम्नअनुसार रहेको छ ,

नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखाको २०७४।१२।२९-च.नं.५१८ को निर्देशन बमोजिम २०७४ र २०७५ मा कर्जा सुरक्षण कोषबाट रु.३८ करोड ६३ लाख र निक्षेप सुरक्षण कोषबाट २ अर्ब ५४ करोड ७७ लाख पुँजीकरण गरी चुक्ता पुँजी रु. २ अर्ब ९३ करोड ४० लाखले वृद्धि भएको छ ।जुन निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन , २०७३ को दफा ३९ (४) को कोषको रकम सुरक्षित निक्षेपको दावी भुक्तानी वा सोध भर्ना बाहेक अन्य प्रयोजनमा खर्च गर्न नसकीने प्रावधान अनुसार रहेको छैन । जसका कारण कोषको शेयर पुंजी उल्लिखित रकमले बढी तथा कर्जा सुरक्षण कोष र निक्षेप सुरक्षण कोष उल्लिखित रकम बराबर घटी भएको छ ।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गऱ्यौ। ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ। संस्थानको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व

Phone: 01-4772220, 4771270, 4262958, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np/ dir.mgnt@oagnep.gov.np/ Web Page: www.oag.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

निर्वाह गरेका छौं। हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखा परीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं।

**मुख्य लेखापरिक्षण बिषयबस्तुहरु (Key Audit Matters)**

हाम्रो व्यावसायिक निर्णयमा प्रस्तुत वर्षको वित्तीय विवरणको लेखापरीक्षणमा देखिएका धैरै महत्वका विषयवस्तुहरु नै लेखापरीक्षणका मुख्य कुराहरु हुन्। लेखापरीक्षण प्रतिवेदनको राय व्यक्त गर्ने अनुच्छेद एवं व्यवस्थापन पत्रमा उल्लेख भएका व्यहोरा बाहेक अन्य थप लेखापरीक्षणका मुख्य लेखापरीक्षण विषयबस्तुहरु रहेको छैन।

**व्यवस्थापन पत्र**

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोरा यसैसाथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने तथा व्यवस्थापनलाई लागेको उचित आन्तरिक नियन्त्रण प्रणालीको जिम्मेवारी व्यवस्थापनमा रहेको छ। यी जिम्मेवारी अन्तर्गत चाहे जालसाजी वा गल्तीबाट होस् , सारभूत किसिमको त्रुटीरहित, वित्तीय विवरण तयार गर्ने, आन्तरीक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, कार्यान्वन र सञ्चालन गर्ने, सम्पत्तिहरुको व्यवस्थापन र लेखानीतिहरुको छनोट तथा लागु गर्ने एवं परिस्थिति अनुसार लेखा सम्बन्धि महत्वपुर्ण अनुमान गर्ने कार्यहरु पर्दछन्।

वित्तीय विवरण तयार गर्दा संस्थाको अविछिन्नताको रुपमा व्यवसायको बिशेष लेखाजोखा व्यवस्थापनको लागि अपरिहार्य हुन्छन् र विषयवस्तुहरुको स्तरीयता विचार गर्नुपर्ने वा अविछिन्नतासँगै जानकारीहरुको खुलासा गर्ने दायित्व व्यवस्थापनमा रहेको छ। संस्थाको वित्तीय विवरणहरुको निरीक्षण गर्ने जिम्मेवारी शासकीय कार्यभार बहन गर्ने व्यक्तिमा रहेको हुन्छ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटी मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरि आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भए तापनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको त्रुटी भएमा सो त्रुटी सधै पत्ता लाग्छ भन्ने छैन। त्रुटीहरु जालसाजी वा गल्तीबाट निम्तिन्छ र त्यस्ता त्रुटिहरु जसले सरोकारवालाहरुले सो त्रुटीपूर्ण वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धि अन्य कुराहरुः

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्ट्याइका येथेष्ट प्रमाण संकलन गर्ने ,प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखानीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भइ घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविछिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानआकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाइ संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिबेदन जारी भएको मिति सम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविछिन्न नरहन पनि सक्दछ।

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोवार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहनगर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धि आचारसंहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

**अन्य ऐन तथा नियमहरुको पालना उपर प्रतिवेदन:**

हामीलाई उपलब्ध जानकारी, स्पष्टिकरण, सूचनाहरु र हाम्रो लेखापरीक्षणको आधारमा निम्न अनुसार प्रतिवेदन पेश गर्दछौं:

क) हामीले लेखापरीक्षण सम्पन्न गर्न आवश्यक ठानेका सूचना, स्पष्टिकरण र जवाफ उपलब्ध भयो।

ख) यस प्रतिवेदनसंग संलग्न वित्तिय विवरणहरु निक्षेप तथा कर्जा सुरक्षण ऐन, २०७३ र अन्य प्रचलित कानुन वमोजिम तयार भएको र कोषले राखेको लेखासँग दुरुस्त रहेको छ।

ग) हाम्रो रायमा कोषबाट पाएको विवरणहरु लेखापरीक्षणका निमित्त पर्याप्त छन्।

घ) लेखापरीक्षणको सिलसिलामा पाएको सूचना एवं हामीलाई दिइएको जानकारी र स्पष्टिकरण तथा कोषको हिसाब किताबको परीक्षणको आधारमा कोषको संचालक समिति वा प्रतिनिधि वा कुनै पदाधिकारी वा कुनै कर्मचारीले प्रचलित कानून विपरति काम गरेको वा अनियमित कार्य गरेको वा कोषको सम्पत्ति हिनामिना गरेको वा कानुन विरुद्ध कार्य गरेको हाम्रो जानकारीमा आएन ।

वामदेव शर्मा अधिकारी
उप महालेखापरीक्षक

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

**निक्षेप तथा कर्जा सुरक्षण कोष**
**टंगाल, काठमाण्डौ**
**एकिकृत वित्तीय अवस्थाको विवरण**
**२०७९ अषाढ मसान्त**

| विवरण | टिप्पणी | आर्थिक वर्ष<br>२०७८/७९ अषाढ मसान्त<br>रकम रु. | आर्थिक वर्ष<br>२०७७/७८ अषाढ मसान्त<br>रकम रु. |
|---|---|---|---|
| **सम्पति** | | | |
| ***दीर्घकालिन सम्पत्ति*** | | | |
| सम्पत्ति तथा उपकरण | १ | ४२७,५२६,१८० | ३८०,०१२,१५१ |
| निर्माणाधिन पूजीँ (भवन) | १ | - | २०,३३४,३८९ |
| अमुर्त सम्पत्ति | १ | ३,८४४,५७१ | ४,८०५,७१५ |
| **जम्मा दीर्घकालिन सम्पत्ति** | | **४३१,३७०,७५१** | **४०५,१५२,२५४** |
| ***वित्तिय सम्पत्ति*** | | | |
| वित्तिय सम्पत्ति-(मुद्दती निक्षेप तथा विकास ऋणपत्रमा लगानी) | २ | १८,९३१,००२,८२८ | १५,७९४,०८०,९४० |
| अन्य वित्तीय सम्पत्ति | २ | ५४१,४०६,१०५ | ३६,१२७,७१३ |
| **जम्मा वित्तिय सम्पत्ति** | | **१९,४७२,४०८,९३३** | **१५,८३०,२०८,६५३** |
| **स्थगन आयकर सम्पत्ति** | ५ | **४५,०५१,९३०** | **४९,६४७,९५३** |
| ***चालु सम्पत्ति*** | | | |
| नगद तथा नगद समान | ३ | ४१३,५००,०७० | ७४०,००६,६१५ |
| मौज्दात | ४ | २,१८४,६७१ | २,२३७,०२५ |
| चालु आयकर सम्पत्ति | ५ | | |
| **जम्मा चालु सम्पत्ति** | | **४१५,६८४,७४०** | **७४२,२४३,६४०** |
| **जम्मा सम्पत्ति** | | **२०,३६४,५१६,३५६** | **१७,०२७,२५२,५००** |
| **इक्विटी तथा दायित्व** | | | |
| **इक्विटी** | | | |
| शेयर पूँजी | ६ | १०,०००,०००,००० | १०,०००,०००,००० |
| जगेडा, कोष तथा संचित नाफा | ७ | ९,२९३,५८२,५५१ | ६,२९६,९७१,८३३ |
| **जम्मा इक्विटी** | | **१९,२९३,५८२,५५१** | **१६,२९६,९७१,८३३** |
| **दीर्घकालिन दायित्व** | | | |
| कर्मचारी अवकाश कोष तथा दायित्व | ८ | ५४९,४५६,२९२ | ५१७,९५१,९४४ |
| स्थगन आयकर दायित्व | ५ | - | - |
| **जम्मा दीर्घकालिन दायित्व** | | **५४९,४५६,२९२** | **५१७,९५१,९४४** |
| **चालु दायित्व** | | | |
| व्यापारिक तथा अन्य दायित्व | ९ | २३२,६१६,६४७ | १७४,७५७,६१७ |
| कर्मचारी अवकाश कोष तथा दायित्व | ८ | ९,२५७,११५ | २०,२५०,४२३ |
| चालु आयकर दायित्व | ५ | २७९,६०३,७५० | १७,३२०,६८४ |
| **जम्मा चालु दायित्व** | | **५२१,४७७,५१२** | **२१२,३२८,७२४** |
| **जम्मा दायित्व र इक्विटी** | | **२०,३६४,५१६,३५६** | **१७,०२७,२५२,५००** |

| द. | द. | द. | द. | द. | द. |
|---|---|---|---|---|---|
| विनोद पन्त | रमेश घिमिरे | संचालकहरु | रामेश्वर दंगाल | सिए मधु पोखेल | बामदेव शर्मा अधिकारी |
| का.मु प्रबन्धक | प्रमुख कार्यकारी अधिकृत | रमेश कुमार के.सी<br>हुम बहादुर के.सी<br>प्रदिप राज पौडेल<br>उपेन्द्र कुमार पौडेल<br>प्रकाश जंग थापा | अध्यक्ष | एम पोखेल एण्ड एसोसिएटस् | उप महालेखापरीक्षक |

**निक्षेप तथा कर्जा सुरक्षण कोष**
**टंगाल, काठमाण्डौ**
**२०७८ श्रावण १ गतेदेखि २०७९ असाढ मसान्तसम्मको**
**एकिकृत आय विवरण**

| विवरण | टिप्पणी | २०७८/७९ रकम रु. | २०७७/७८ रकम रु. |
|---|---|---|---|
| सुरक्षण शुल्क आम्दानी | १० | ३,२४४,५४६,०६५ | २,२३४,६४१,४९८ |
| दावी भुक्तानी तथा सुरक्षण खर्च | ११ | २७६,६०४,१८७ | १८५,७००,३०२ |
| **कुल नाफा** | | **२,९६७,९४१,८७८** | **२,०४८,९४१,१९६** |
| कर्मचारी सम्बन्धी खर्च | १४ | ५६,९७६,६३३ | ४८,७२८,१०३ |
| अन्य प्रशासनिक खर्च | १५ | ४६,९३४,७५५ | ४४,८५५,७६५ |
| **कुल संचालन खर्च** | | **१०३,९११,३८९** | **९३,५८३,८६८** |
| **संचालन नाफा** | | **२,८६४,०३०,४८९** | **१,९५५,३५७,३२९** |
| व्याज आम्दानी | १२ | १,४५३,२३७,६५७ | १,१२९,९१९,६१० |
| विविध आम्दानी | १३ | ७८,५७५,५७४ | ७,७८३,७९५ |
| **खुद संचालन आम्दानी** | | **४,३९५,८४३,७२०** | **३,०९३,०६०,७३४** |
| वित्तीय खर्च | १३ | ३१,९४५,०९० | २१,३२९,८१२ |
| **संचालनबाट नाफा/(नोक्सान)** | | **४,३६३,८९८,६३०** | **३,०७१,७३०,९२२** |
| कर्मचारी बोनस व्यवस्था | १४ | ४३,६३८,९८६ | ३०,७१७,३०९ |
| **आयकर कट्टी गर्नु अघिको नाफा** | | **४,३२०,२५९,६४४** | **३,०४१,०१३,६१३** |
| **आयकर खर्च** | | **१,३०५,२६९,०५१** | **८९०,११८,०९५** |
| चालु आयकर खर्च | | १,३००,६७३,०२८ | ९२९,१४७,३९८ |
| गत वर्षको आयकर खर्च | | - | |
| स्थगन कर | | ४,५९६,०२३ | (३९,०२९,३०३) |
| **यस वर्षको नाफा** | | **३,०१४,९९०,५९३** | **२,१५०,८९५,५१८** |

**एकिकृत अन्य विस्तृत आम्दानीको विवरण**

| विवरण | | यस वर्षको २०७८/७९ रकम रु. | गत वर्षको २०७७/७८ रकम रु. |
|---|---|---|---|
| **यस वर्षको नाफा** | | **३,०१४,९९०,५९३** | **२,१५०,८९५,५१८** |
| पुनर्मुल्याङ्कन नाफा र (नोकसान) वित्तिय लगानी (FVOCI) | | - | - |
| पुनर्मुल्याङ्कन नाफा र (नोकसान) कर्मचारी अवकाश सुविधा | | ४३,४३१,४०१ | १२,७४४,२०६ |
| अन्य विस्तृत आम्दानीसंग आधारीत आयकर | | - | - |
| कुल विस्तृत आम्दानी (खुद आयकर पछि) | | ४३,४३१,४०१ | १२,७४४,२०६ |
| | | | |
| **यस वर्षको जम्मा विस्तृत आम्दानी** | | **३,०५८,४२१,९९४** | **२,१६३,६३९,७२५** |

| द. | द. | द. | द. | द. | द. |
|---|---|---|---|---|---|
| विनोद पन्त | रमेश घिमिरे | संचालकहरु | रामेश्वर दंगाल | सिए मधु पोखेल | बामदेव शर्मा अधिकारी |
| का.मु प्रबन्धक | प्रमुख कार्यकारी अधिकृत | रमेश कुमार के.सी<br>हुम बहादुर के.सी<br>प्रदिप राज पौडेल<br>उपेन्द्र कुमार पौडेल<br>प्रकाश जंग थापा | अध्यक्ष | एम पोखेल एण्ड एसोसिएटस् | उप महालेखापरीक्षक |

## निक्षेप तथा कर्जा सुरक्षण कोष

**टंगाल, काठमाण्डौ**
**२०७८ श्रावण १ गतेदेखि २०७९ असाढ मसान्तसम्मको**
**निक्षेप कोषको आय विवरण**

| | | २०७८/७९ रकम रु. | २०७७/७८ रकम रु. |
|---|---|---|---|
| सुरक्षण शुल्क आम्दानी | १० | १,३७४,०८२,८४७ | १,२२८,८१९,७२९ |
| दावी भुक्तानी तथा सुरक्षण खर्च | ११ | - | |
| **कुल नाफा** | | **१,३७४,०८२,८४७** | **१,२२८,८१९,७२९** |
| कर्मचारी सम्बन्धी खर्च | १२ | १७,०९२,९९० | १४,६१८,४३१ |
| अन्य प्रशासनिक खर्च | १३ | १४,०८०,४२७ | १३,४५६,७३० |
| **कुल संचालन खर्च** | | **३१,१७३,४१७** | **२८,०७५,१६०** |
| **संचालन नाफा** | | **१,३४२,९०९,४३०** | **१,२००,७४४,५६९** |
| व्याज आम्दानी | १४ | ७२६,६१८,८२८ | ५६४,९५९,८०५ |
| विविध आम्दानी | १५ | ३१,७६१,६७५ | ३,०६८,३५६ |
| **खुद संचालन आम्दानी** | | **२,१०१,२८९,९३४** | **१,७६८,७७२,७३०** |
| वित्तीय खर्च | | (९,५८३,५२७) | (१०,६६४,९०६) |
| **खुद संचालनबाट नाफा/(नोक्सान)** | | **२,०९१,७०६,४०७** | **१,७५८,१०७,८२४** |
| कर्मचारी बोनस व्यवस्था | | (२०,९१७,०६४) | (१७,५८१,०७८) |
| **आयकर अघिको नाफा** | | **२,०७०,७८९,३४३** | **१,७४०,५२६,७४६** |

**निक्षेप कोषको अन्य विस्तृत आम्दानीको विवरण**

| विवरण | २०७८/७९ रकम रु. | २०७७/७८ रकम रु. |
|---|---|---|
| **यस वर्षको नाफा** | **२,०७०,७८९,३४३** | **१,७४०,५२६,७४६** |
| पुनर्मुल्याङ्कन नाफा र (नोकसान) वित्तिय लगानी (FVOCI) | - | - |
| पुनर्मुल्याङ्कन नाफा र (नोकसान) कर्मचारी अवकाश सुविधा | १३,०२९,४२० | ३,८२३,२६२ |
| अन्य विस्तृत आम्दानीसंग आधारीत आयकर | | |
| कुल विस्तृत आम्दानी (खुद आयकर पछि) | १३,०२९,४२० | ३,८२३,२६२ |
| | | |
| **यस वर्षको जम्मा विस्तृत आम्दानी** | **२,०८३,८१८,७६३** | **१,७४४,३५०,००८** |

| द. | द. | द. | द. | द. | द. |
|---|---|---|---|---|---|
| विनोद पन्त | रमेश घिमिरे | संचालकहरु | रामेश्वर दंगाल | सिए मधु पोखेल | बामदेव शर्मा अधिकारी |
| का.मु प्रबन्धक | प्रमुख कार्यकारी अधिकृत | रमेश कुमार के.सी | अध्यक्ष | एम पोखेल एण्ड एसोसिएटस् | उप महालेखापरीक्षक |
| | | हुम बहादुर के.सी | | | |
| | | प्रदिप राज पौडेल | | | |
| | | उपेन्द्र कुमार पौडेल | | | |
| | | प्रकाश जंग थापा | | | |

निक्षेप तथा कर्जा सुरक्षण कोष
टंगाल, काठमाण्डौ

२०७८ श्रावण १ गतेदेखि २०७९ असाढ मसान्तसम्मको
कर्जा कोषको आय विवरण

| विवरण | टिप्पणी | २०७८/७९ रकम रु. | २०७७/७८ रकम रु. |
|---|---|---|---|
| सुरक्षण शुल्क आम्दानी | १० | १,८७०,४६३,२१८ | १,००५,८२१,७६९ |
| दावी भुक्तानी तथा सुरक्षण खर्च | ११ | २७६,६०४,१८७ | १८५,७००,३०२ |
| **कुल नाफा** | | **१,५९३,८५९,०३१** | **८२०,१२१,४६८** |
| कर्मचारी सम्बन्धी खर्च | १२ | ३९,८८३,६४३ | ३४,१०९,६७२ |
| अन्य प्रशासनिक खर्च | १३ | ३२,८५४,३२९ | ३१,३९९,०३६ |
| **जम्मा संचालन खर्च** | | **७२,७३७,९७२** | **६५,५०८,७०७** |
| **संचालन नाफा** | | **१,५२१,१२१,०५९** | **७५४,६१२,७६०** |
| व्याज आम्दानी | १४ | ७२६,६१८,८२८ | ५६४,९५९,८०५ |
| विविध आम्दानी | १५ | ४६,८१३,८९९ | ४,७१५,४३९ |
| **खुद संचालन आम्दानी** | | **२,२९४,५५३,७८६** | **१,३२४,२८८,००५** |
| | | | |
| वित्तीय खर्च | | (२२,३६१,५६३) | (१०,६६४,९०६) |
| **संचालनबाट नाफा/(नोक्सान)** | | **२,२७२,१९२,२२३** | **१,३१३,६२३,०९९** |
| कर्मचारी बोनस व्यवस्था | | (२२,७२१,९२२) | (१३,१३६,२३१) |
| **आयकर अघिको नाफा** | | **२,२४९,४७०,३०१** | **१,३००,४८६,८६८** |

कर्जा कोषको अन्य विस्तृत आम्दानीको विवरण

| विवरण | २०७८/७९ रकम रु. | २०७७/७८ रकम रु. |
|---|---|---|
| **यस वर्षको नाफा** | **२,२४९,४७०,३०१** | **१,३००,४८६,८६८** |
| पुनर्मुल्याङ्कन नाफा र (नोकसान) वित्तिय लगानी (FVOCI) | | - |
| पुनर्मुल्याङ्कन नाफा र (नोकसान) कर्मचारी अवकाश सुविधा | ३०,४०१,९८१ | ८,९२०,९४४ |
| अन्य विस्तृत आम्दानीसंग आधारीत आयकर | | - |
| कुल विस्तृत आम्दानी (खुद आयकर पछि) | ३०,४०१,९८१ | ८,९२०,९४४ |
| | | |
| **यस वर्षको जम्मा विस्तृत आम्दानी** | **२,२७९,८७२,२८२** | **१,३०९,४०७,८१२** |

| द. | द. | द. | द. | द. | द. |
|---|---|---|---|---|---|
| विनोद पन्त | रमेश घिमिरे | संचालकहरु | रामेश्वर दंगाल | सिए मधु पोखेल | बामदेव शर्मा अधिकारी |
| का.मु प्रबन्धक | प्रमुख कार्यकारी अधिकृत | रमेश कुमार के.सी | अध्यक्ष | एम पोखेल एण्ड एसोसिएटस् | उप महालेखापरीक्षक |
| | | हुम बहादुर के.सी | | | |
| | | प्रदिप राज पौडेल | | | |
| | | उपेन्द्र कुमार पौडेल | | | |
| | | प्रकाश जंग थापा | | | |

**निक्षेप तथा कर्जा सुरक्षण कोष**
**टंगाल, काठमाण्डौ**
**२०७८ श्रावण १ गतेदेखि २०७९ अषाढ मसान्तसम्मको**
**नगद प्रवाह विवरण**

| विवरण | २०७८/७९ | २०७७/७८ |
|---|---|---|
| **सञ्चालन गतिविधिको नगद प्रवाह** | | |
| आयकर तथा असाधारण आम्दानी खर्च अघिको नाफा | ४,३२०,२५९,६४४ | ३,०४१,०१३,६१३ |
| **समायोजन** | | |
| ह्रास कट्टी | १६,२६५,७२१ | ७,४६८,८०६ |
| एमोर्टटाइजेसन खर्च | ९६१,१४३ | १,२०२,६६२ |
| वित्तीय खर्च | ३१,९४५,०९० | - |
| सम्पती बिक्रीमा नाफा | - | (२,५६६) |
| बोनस व्यवस्था | ४३,६३८,९८६ | ३०,७१७,३०९ |
| स्थगन कर | ४,५९६,०२३ | (३९,०२९,३०३) |
| शेयर बिक्रिमा नाफा | - | (१,२८२,५४०) |
| मुद्दती र विकास ऋणपत्र लगानीबाट व्याज आम्दानी | (१,४७८,९१७,४२५) | (१,१२९,९१९,६११) |
| वित्तीय आम्दानी | (४,६९५,६०१) | - |
| गत साल सँग सम्बन्धित कर तथा अन्य खर्च | (६१,८११,२७६) | (१,९८६,३२९) |
| **कार्यशील पूंजी परिवर्तन अघिको नगद प्रवाह** | ***२,८७२,२४२,३०५*** | ***१,९०८,१८२,०४१*** |
| जिन्सी मौज्दात कमी/(बृद्धि) | ५२,३५४ | (४१५,७१४) |
| अग्रिम भुक्तानी तथा पेश्की सापटी, धरौटी भएको कमी/(बृद्धि) | (५०५,२७८,३९२) | ८,३५०,२०१ |
| चालु दायित्वमा भएका बृद्धि/(कमी) | ७८,३७०,०७० | ७९,४४६,२०० |
| **आयकर तथा व्याज भुक्तानी अघिको नगद प्रवाह** | **२,४४५,३८६,३३७** | **१,९९५,५६२,७२८** |
| आयकर भुक्तानी | (१,०२४,४२८,९०१) | (८४६,२३७,९३३) |
| **सञ्चालन गतिविधिबाट खुद नगद प्रवाह (क)** | **१,४२०,९५७,४३६** | **१,१४९,३२४,७९५** |
| **लगानी गतिविधिको नगद प्रवाह** | | |
| स्थिर सम्पत्ति (खरिद) | (६३,७७९,७४९) | (१२७,१६८,६६७) |
| सम्पत्ति विकि | - | १६,००० |
| खुद शेयर विकि | - | १,८६५,१४० |
| लाभांश प्राप्ती | - | - |
| लगानी कमी/(बृद्धि) | (३,१६२,६०१,६५६) | (१,८२९,५८१,४६४) |
| मुद्दती र विकास ऋणपत्र लगानीबाट व्याज प्राप्ती | १,४७८,९१७,४२५ | १,१४१,५८८,५१९ |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह (ख)** | **(१,७४७,४६३,९८१)** | **(८१३,२८०,४७२)** |
| **वित्तीय गतिविधिको नगद प्रवाह** | | |
| शेयर पूँजीको निष्काशन | - | - |
| **वित्तीय गतिविधिबाट खुद नगद प्रवाह (ग)** | **-** | **-** |
| नगदमा भएको कुल बृद्धि/(कमी) (क+ख+ग) | (३२६,५०६,५४४) | ३३६,०४४,३२३ |
| वर्षारम्भको नगद तथा बैंक मौज्दात | ७४०,००६,६१५ | ४०३,९६२,२९६ |
| **बर्षान्तमा नगद तथा बैंक मौज्दात** | **४१३,५००,०७०** | **७४०,००६,६१८** |

| द. | द. | द. | द. | द. | द. |
|---|---|---|---|---|---|
| विनोद पन्त | रमेश घिमिरे | संचालकहरु | रामेश्वर दंगाल | सिए मधु पोखेल | बामदेव शर्मा अधिकारी |
| का.मु प्रबन्धक | प्रमुख कार्यकारी अधिकृत | रमेश कुमार के.सी | अध्यक्ष | एम पोखेल एण्ड एसोसिएटस् | उप महालेखापरीक्षक |
| | | हुम बहादुर के.सी | | | |
| | | प्रदिप राज पौडेल | | | |
| | | उपेन्द्र कुमार पौडेल | | | |
| | | प्रकाश जंग थापा | | | |

निक्षेप तथा कर्जा सुरक्षण कोष

टंगाल, काठमाण्डौ

२०७९ अषाढ मसान्त

इक्वीटीमा भएको परिवर्तनको विवरण

| विवरण | शेयर पूंजी | साधारण जगेडा कोष | कर्जा सुरक्षण कोष | निक्षेप सुरक्षण कोष | निक्षेप सुरक्षण जोखिम कोष | बिमाङ्कीय पुर्नमुल्याङ्कन कोष | संचित नाफा | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| **साउन १, २०७८ को मौज्दात** | **१०,०००,०००,०००** | **२७६,०६९,४७५** | **१,९९१,९०१,२४५** | **८८२,३२६,०३७** | **३,०१७,३६८,००८** | **१५,३०५,८२९** | **११४,००१,२३८** | **१६,२९६,९७१,८३२** |
| पुर्न प्रस्तुतीकरण | | | | | | | (६१,८११,२७६) | (६१,८११,२७६) |
| ***साउन १, २०७८ को पुर्न प्रस्तुतीकरण मौज्दात*** | १०,०००,०००,००० | २७६,०६९,४७५ | १,९९१,९०१,२४५ | ८८२,३२६,०३७ | ३,०१७,३६८,००८ | १५,३०५,८२९ | ५२,१८९,९६२ | १६,२३५,१६०,५५७ |
| गत बर्षको आयकर रकम समायोजन | | | | | | | | - |
| *यस आ.व को कुल नाफा* | | | | | | | ३,०१४,९९०,५९३ | ३,०१४,९९०,५९३ |
| नयाँ शेयर थप | | | | | | | | - |
| निक्षेप सुरक्षण कोषमा विनियोजित रकम | | | | | १,३५२,४९२,९५७ | | (१,३५२,४९२,९५७) | - |
| निक्षेप सुरक्षण जोखिम कोषमा विनियोजित रकम | | | | | | | | - |
| कर्जा सुरक्षण कोषमा विनियोजित रकम | | | १,५५८,५३४,८४५ | | | | (१,५५८,५३४,८४५) | - |
| *यस आ.वबाट रकामन्तर* | | | | | | ४३,४३१,४०१ | - | ४३,४३१,४०१ |
| पुनर्मुल्याङ्कन नाफा र (नोकसान) वित्तिय लगानी | | | | | | | | - |
| अन्य व्यापक आम्दानीबाट सृजित कर्मचारी कोष रकम | | | | | | | | - |
| **अषाढ ३२, २०७९ को मौज्दात** | **१०,०००,०००,०००** | **२७६,०६९,४७५** | **३,५५०,४३६,०९०** | **८८२,३२६,०३७** | **४,३६९,८६०,९६५** | **५८,७३७,२३०** | **१५६,१५२,७५२** | **१९,२९३,५८२,५५१** |

द.
विनोद पन्त
का.मु प्रबन्धक

द.
रमेश घिमिरे
प्रमुख कार्यकारी
अधिकृत

द.
संचालकहरु
रमेश कुमार के.सी
हुम बहादुर के.सी
प्रदिप राज पौडेल
उपेन्द्र कुमार पौडेल
प्रकाश जंग थापा

द.
रामेश्वर दंगाल
अध्यक्ष

द.
सिए मधु पोखेल
एम पोखेल एण्ड एसोसिएटस्

द.
बामदेव शर्मा अधिकारी
उप महालेखापरीक्षक

# निक्षेप तथा कर्जा सुरक्षण कोष
# आ.व. २०७८।७९ को
# वित्तीय विवरणसँग सम्बन्धित प्रमुख नीति तथा टिप्पणीहरु

**संस्था सम्बन्धी सामान्य जानकारी:**

कुनै पनि बैक तथा वित्तीय संस्थामा सर्वसाधारणको साधारण बचत तथा मुद्दती खातामा रहेको निक्षेप तथा वित्तीय संस्थाले प्रवाह गरेको विभिन्न किसिमका कर्जा लगानीको सुरक्षण गर्ने र यसमा कुनै हानी नोक्सानी भएमा क्षतिपुर्ति दिने उद्देश्यले निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन अर्न्तगत वि.सं. २०७३ आश्विन १८ गते निक्षेप तथा कर्जा सुरक्षण कोषको स्थापना भएको हो । यस कोष स्थापना हुन अगाडि कम्पनी ऐन, २०६३ बमोजिम निक्षेप तथा कर्जा सुरक्षण निगम प्रा.लि. को नामबाट यस कोषले निक्षेप तथा कर्जा सुरक्षण सम्बन्धी कार्य गर्दै आएको थियो । कोष स्थापना गर्दा उक्त निक्षेप तथा कर्जा सुरक्षण निगम प्रा.लि. को नाममा रहेको चल, अचल सम्पत्ति लगायतको जायजेथा दायित्व र निगममा कार्यरत कर्मचारी स्वतः कोषमा परिणत हुन गएको अवस्था रहेको छ । यसको केन्द्रिय कार्यालय काठमाण्डौमा र शाखा कार्यालयहरु विराटनगर, जनकपुर, भरतपुर, पोखरा, बुटवल, सुर्खेत र धनगढीमा रहेका छन् ।

**वित्तीय विवरण तयारीका आधारहरुः**

कोषको आर्थिक विवरणहरु ऐतिहासिक मूल्य अवधारणा (अन्यथा उल्लेख भएको बाहेक), नेपाल वित्तीय प्रतिवेदन मानक तथा लेखाका सर्वमान्य सिद्धान्त बमोजिम तयार गरिएका छन् ।

वित्तीय विवरणहरू प्रोदभावी (Accrual) तथा निरन्तर अवधारणा (Going Concern) अवधारणामा लेखाङ्कन गरी तयार गरिएको छ ।

कोषले आफ्नो वित्तीय विवरणहरू तयार गर्दा प्रकृति वा मात्रा वा दुबैको आधार मा Materiality को निर्धारण गर्ने गर्दछ । वित्तीय विवरणको प्रस्तुतिमा Materiality एउटा Pervasive Constraint हो, जुन गुणात्मक चरित्रको  रिपोर्टिङको लागि सान्दर्भिक हुन्छ ।

गत वर्षको अंकहरुलाई आवश्यकता अनुसार पुनःवर्गीकरण तथा पुनः समूहीकरण गरिएका छन् ।

प्रस्तुत वित्तीय विवरण कोषको सञ्चालक समितिको मिति २०७९ साल पुस २८ गते बसेको बैठकबाट पारित गरिएको छ ।

वित्तीय विवरणको प्रस्तुतीमा निम्न लिखित लेखा नीति तथा टिप्पणीहरु अबलम्बन गरिएको छ ।

## १. दीर्घकालिन सम्पत्तिहरु :

### *क) सम्पत्ति तथा उपकरण (Property, plant and Equipment) :*

सम्पत्ति तथा उपकरण भन्नाले त्यस्ता भौतिक सम्पत्ति तथा उपकरणहरु हुन जसको अवधि १ वर्ष भन्दा बढि हुन्छ र साथै यस्ता सम्पत्ति तथा उपकरण उत्पादन र प्रशासनिक कार्यमा प्रयोग गरिन्छ ।

संस्थामा सो सम्पत्ति तथा उपकरण प्रयोग गर्दा संभाव्य भविष्यका आर्थिक लाभहरु प्रवाह हुन सक्ने भएमा र मुल्य निधार्रण गर्न सकिने भएमा सम्पत्ति तथा उपकरणमा लेखाङ्कन गरिन्छ । सम्पत्ति तथा उपकरण सुरुवातमा मापन गर्दा लागत (Cost) मुल्यमा मापन गरिन्छ । लागतका तत्वहरुमा खरिद मुल्य, आयात कर तथा अन्य फिर्ता नहुने खरिद करहरु (जसबाट व्यापारिक छुटहरु घटाइन्छ) पर्दछन ।

कोषले सम्पत्तिहरुको निम्न बमोजिम ह्रासदर कायम गरेको छ ।

| सि.न | सम्पत्तिको समुह | ह्रासदर |
|---|---|---|
| १. | भवन | ५ % |
| २. | कार्यलय सामान (कम्प्यूटर, फर्निचर र विद्यूतीय सामान) | २५ % |
| ३. | कार्यालय परिवहन | २० % |
| ४. | अन्य स्थिर सम्पत्ति | १५ % |

| सम्पत्तिको विवरण | जग्गा | भवन | कार्यालय सामान | कार्यालय परिवहन | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| | रकम रु. | रकम रु. | रकम रु. | रकम रु. | रकम रु. | रकम रु. |
| २०७८/४/१ को शुरु मौज्दात | २२०,९२६,९४९ | १४२,९२९,५५१ | १९,४७०,५४१ | १५,०१४,९७० | ८०,७८१ | ३९८,४२२,७९२ |
| २०७८/४/१ को कार्यशिल पूजी शुरु मौज्दात | | २०,३३४,३८९ | | | | २०,३३४,३८९ |
| निर्माणधिन भवन शुरु मौज्दात रकमान्तर | | २०,३३४,३८९ | | | | २०,३३४,३८९ |
| यस वर्षको थप | | - | ७,५७५,१७६.४४ | १,६७९,७०० | | ९,२५४,८७६ |
| यस वर्षको थप निर्माणधिन सम्पत्ति (भवन) | | ५४,५२४,८७३ | | | | ५४,५२४,८७३ |
| विक्री/अपलेखन | | | | | | - |
| **जम्मा** | **२२०,९२६,९४९** | **१९७,४५४,४२४** | **२७,०४५,७१८** | **१६,६९४,६७०** | **८०,७८१** | **४६२,२०२,५४१** |
| **ह्रास कट्टी** | | | | | | |
| २०७८/४/१ सम्मको ह्रास कट्टी | - | ३,२०१,७२३.५७ | ७,११२,८८९ | ८,०५०,८७० | ४५,१५८ | १८,४१०,६४० |
| विक्री/अपलेखन | | | | | | - |
| यस वर्षको ह्रास कट्टी | - | ९,७११,२६७.१६ | ४,८२०,३५०.४६ | १,७२८,७६० | ५,३४४ | १६,२६५,७२१ |
| जम्मा ह्रास कट्टी | - | १२,९१२,९९१ | ११,९३३,२३९ | ९,७७९,६३० | ५०,५०१ | ३४,६७६,३६१ |
| | | | | | | |
| २०७९/०३/३२ अनुसार घट्दो कममा ह्रास | २२०,९२६,९४९ | १८४,५४१,४३३ | १५,११२,४७८ | ६,९१५,०४० | ३०,२८० | ४२७,५२६,१८० |
| | | | | | | |
| २०७८/३/३१ अनुसार घट्दो कममा ह्रास | २२०,९२६,९४९ | १६०,०६२,२१६ | १२,३५७,६५१.९८ | ६,९६४,१०० | ३५,६२३ | ४००,३४६,५३९ |

- यस बर्ष शाखा कार्यालय सुर्खेत र धनगढीको भवन समेत निर्माण सम्पन्न भई पूँजीकृत गरिएको रकम रु ५४,५२४८७३ लाई थप सम्पत्ती जनाई ह्रास कट्टी गरिएको छ ।

- काठमाडौं, बिराटनगर, चितवन, पोखरा, बुटवल, सुर्खेत र धनगढीको भवन निर्माणको काम समपन्न भई प्रयोगमा आइसकेकोले सो सम्पत्ति दीर्घकालिन सम्पत्ति भवनमा रकमान्तर गरिएको छ र सोमा रकम रु. ९७,११,२६७ ह्रासकट्टी गरिएको छ ।
- यस बर्ष रकम रु ७५,७५,१७६ बराबरको कार्यालय समान र रकम रु १६,७९,७०० बराबरको दुइ पाङ्ग्रे सवारी साधन (मोटर बाइक र स्कूटर) थप खरिद गरी ह्रासकट्टी गरिएको छ ।

### *ख) अमुर्त सम्पत्ति(Intangiable Assets)*

अमुर्त सम्पत्ति भन्नाले भौतिक अस्तित्व नभएको पहिचान योग्य अमौद्रिक सम्पत्ति बुझिनेछ । निम्न शर्तहरु पूरा गरेमा सम्पत्ति अमुर्त सम्पत्तिको रुपमा पहिचान योग्य भएको मानिन्छ :

- सम्पत्तिलाई अलग्याउन मिल्ने, अर्थात संस्थाबाट अलग वा विभाजन गरी एकल वा सामुहिक रुपमा सम्बन्धित करार, पहिचान योग्य सम्पत्ति वा दायित्वसँग बिक्रि, हस्तान्तरण, इजाजत प्रदान, वहाल वा विनिमय गर्नसकिने भएमा,

- करार वा अन्य कानुनी अधिकारबाट उत्पन्न हुने भएमा त्यस्ता अधिकार संस्थाबाट वा अन्य अधिकार र दायित्वबाट अलग गर्न वा हस्तान्तरण गर्न सकिने वा नसकिने कुराले पहिचान योग्यतामा असर नपर्ने हुन्छ ।

- हाल कोषमा अमूर्त सम्पत्तीको रुपमा सफ्टवेयर रहेको र त्यसका विवरण निम्नानुसार रहेको छ

| सम्पत्तिको विवरण | सफट्वेयर |
|---|---|
| | रकम रु. |
| २०७८/४/१ को शुरु मौज्दात | ८,०४९,५३७ |
| यस वर्षको थप | |
| विक्री/अपलेखन | |
| **जम्मा** | **८,०४९,५३७** |
| **ह्रास कट्टी** | |
| २०७८/४/१ सम्मको ह्रास कट्टी | ३,२४३,८२३ |
| विक्री/अपलेखन | |
| यस वर्षको ह्रास कट्टी | ९६१,१४३.१० |
| जम्मा ह्रास कट्टी | **४,२०४,९६६** |
| | |
| २०७९/०३/३२ अनुसार घट्दो कममा ह्रास | **३,८४४,५७१** |
| | |
| २०७८/३/३१ अनुसार घट्दो कममा ह्रास | **४,८०५,७१४** |

२. **वित्तीय सम्पत्तिहरु:**

**लेखांकन नीतिः**

वित्तीय सम्पत्तिको लगानी लेखांकन नीति :

- वित्तीय सम्पत्तिमा गरिएको लगानी लाई प्रारम्भिक लेखाङ्कन fair value मा गर्ने नीति अवलम्बन गरिएको छ ।
- वित्तीय सम्पत्तिको वर्गिकरण र पछिको मापन निम्न बमोजिम रहेको छ ।

वित्तीय सम्पतिको वर्गिकरण प्रारम्भिक पहिचान पश्चात पछिको मापन कसरी गरिन्छ भन्नेमा आधारित हुन्छ । तसर्थ, प्रारम्भिक पहिचान पछि, वित्तीय सम्पत्तिलाई निम्न वमोजिम वर्गिकरण गरिन्छ ।

- परिशोधित लागत (Amortised cost) मा गरिएको वित्तीय सम्पत्ति
- उचित मुल्य (Fair Value) मा गरिएको वित्तीय सम्पति

वित्तीय सम्पत्तिको वर्गीकरण निम्न बमोजिम गरिएको छ :

क) ऋण उपकरण

ख) इक्वीटि उपकरण

**ऋण उपकरणहरू**

ऋण उपकरणहरूको पछिल्लो मापन कोषको सम्पत्ति तथा सम्पत्तिको नगद प्रवाहलाई व्यवस्थापन गर्ने व्यावसायिक नमुनामा निर्भर गर्दछ । कोषले मुख्यतया आफ्नो ऋण उपकरणलाई तीन मापन वर्गमा वर्गीकरण गर्दछ ।

१. परिशोधित लागत (Amortised cost): जुन सम्पत्ति करार बमोजिमको नगद प्रवाह संकलनको लागि राखिएको तथा सो नगद प्रवाहमा सावाँ तथा ब्याजको भुक्तानी रहेको छ भने उक्त नगद प्रवाहलाई परिशोधित लागतमा मापन गरिएको छ । ऋण उपकरण जसलाई पछि परिशोधित लागतमा मापन गरिएको छ र हेजिंग सम्बन्धको हिस्सा होइन भने सो सम्पत्ति अपलेखन वा हानि भएको अवस्थामा सो को लाभ तथा नोक्सानलाई नाफा वा नोक्सानमा लेखांकन गरिने छ । सो सम्पत्तिको ब्याज आम्दानीलाई प्रभावकारी ब्याजदर (Effective interest rate) विधि प्रयोग गरी वित्तीय आम्दानीको रूपमा राखिने छ । अन्य ऋण उपकरण लगानीको हकमा कुपन ब्याजदर लाई नै प्रभावकारी ब्याजदर मानि लेखाङ्कन गरिएको छ ।

२. अन्य विस्तृत आम्दानी विवरण मार्फत बजारमूल्यः जुन सम्पत्ति करार बमोजिमको नगद प्रवाह संकलन तथा बिक्रीको लागि राखिएको छ र उक्त नगद प्रवाहमा सावाँ तथा ब्याजको भुक्तानी रहेको छ भने उक्त नगद प्रवाहलाई अन्य विस्तृत आम्दानी विवरण मार्फत वास्तविक मूल्यमा मापन गरिएको छ । सम्पत्तिको नाफा वा नोक्सानी विवरणमा लेखांकन गर्ने इम्पेयरमेन्ट लाभ वा नोक्सानी, ब्याज आम्दानी तथा विदेशी मुद्राको दर परिवर्तन बाहेकको कारणले बाँकी मूल्यमा भएको परिवर्तनलाई अन्य विस्तृत आम्दानी विवरण मार्फत लेखाङ्कन गर्नुपर्छ । जब कुनै वित्तीय सम्पत्तिको अपलेखन हुन्छ, उक्त सम्पत्तिको अघिल्लो अन्य विस्तृत आम्दानी विवरणमा लेखांकन गरी सञ्चयी (Cumulative) लाभ वा नोक्सानीलाई पुँजीबाट नाफा वा नोक्सानमा पुनः वर्गीकरण

गरी अन्य लाभ वा हानिको रूपमा लेखांकन गर्नुपर्दछ । सो सम्पत्तिको ब्याज आम्दानीलाई प्रभावकारी ब्याजदर विधि प्रयोग गरी वित्तीय आम्दानीको रूपमा राखिने छ ।

३. नाफा वा नोक्सान विवरण मार्फत बजार मूल्य : परिशोधित लागत वा अन्य विस्तृत आम्दानी विवरण मार्फत वास्तविक मूल्यको मापदण्ड पूरा नगरेका सम्पत्तिहरूको वास्तविक मूल्यलाई नाफा वा नोक्सान विवरण मार्फत मापन गरिने छ । ऋण उपकरण जसलाई पछि परिशोधित लागतमा मापन गरिएको छ र हेजिंग सम्बन्धको हिस्सा होइन भने सो सम्पत्ति अपलेखन वा हानि भएको अवस्थामा सो को लाभ तथा नोक्सानलाई नाफा वा नोक्सानमा लेखांकन गर्ने तथा सो सँग सम्बन्धित अवधिमा नाफा वा नोक्सान विवरणमा अन्य लाभ तथा नोक्सानमा खुद र कम प्रस्तुत गर्ने । सो सम्पत्तिको ब्याज आम्दानीलाई वित्तीय आम्दानीको रूपमा राखिने छ ।

**इक्विटी उपकरणहरू**

कोषले सबै इक्विटी उपकरणहरूलाई पछि वास्तविक मूल्यमा मापन गरेको छ । कोषले पुँजीगत लगानीको बजार मूल्यांकन लाभ वा नोक्सानलाई अन्य विस्तृत आम्दानी विवरण प्रस्तुत गर्ने विकल्प अवलम्बन गरेको अवस्थामा त्यसमा पछि वास्तविक मूल्यको लाभ तथा नोक्सानलाई नाफा वा नोक्सान विवरण मार्फत पुनः वर्गीकरण गरिने छैन । उक्त लगानीहरूबाट आर्जन हुने लाभांशलाई नाफा वा नोक्सानीमा अन्य आम्दानीको रूपमा कोषले सो र कम प्राप्त गर्ने अधिकार सृजना हुनासाथ लेखांकन गरेको छ ।

नाफा वा नोक्सान विवरण मार्फत वास्तविक मूल्य मापन गर्ने वित्तीय सम्पत्तिको बजार मूल्यमा भएको परिवर्तनलाई नाफा वा नोक्सान विवरणमा अन्य लाभ तथा नोक्सानको रूपमा लेखांकन गरिएको छ । अन्य विस्तृत आम्दानी विवरण मार्फत वास्तविक मूल्यमा मापन हुने पुँजीगत लगानीहरूमा हानि (Impairment) वा हानिफिर्ता (Impairment writeback) लाई अन्य वास्तविक मूल्यको परिवर्तनभन्दा छुट्टै प्रस्तुति गरिएको छैन ।

**वित्तीय सम्पत्तिहरूको इम्पेयरमेन्ट**

कोषले परिशोधित लागत तथा अन्य विस्तृत आम्दानी विवरण मार्फत वास्तविक मूल्यमा मापन हुने सम्पत्तिको अनुमानित उधारो जोखिमलाई अगाडि बढ्ने आधारमा मूल्यांकन गरेको छ । सम्पत्तिको हानी (Impairment) कार्यान्वयन विधि सोमा भएको ऋण जोखिमको वृद्धिमा निर्भर हुन्छ । आसामी बाँकीको लागि मात्रै कोषले नेपाल वित्तीय प्रतिवेदन मान ९ ले अनुमति दिए अनुसारको सहज विधि अनुसार आसामीको जीवनभरको अनुमानित हानिलाई आसामीको शुरूको मापनमा अनुसरण गरिएको छ ।

## क) वित्तिय सम्पत्ति - (मुद्दती निक्षेप तथा विकास ऋणपत्रमा लगानी)

| विवरण | २०७८/७९ | २०७७/७८ |
|---|---|---|
| | रकम रु. | रकम रु. |
| मुद्दती हिसाब - कोष लगानी | १८,२७०,०००,००० | १५,११०,७९८,८६५ |
| मुद्दती हिसाब - कर्मचारी कल्याणकारी कोष लगानी | ३५१,०६१,९५५ | ३५१,०६१,९५५ |
| कर्मचारी सम्बन्धी लगानी | ४८,४१२,००० | ४५,०११,४७९ |
| बिकास ऋणपत्र २०८५ | ८८,१२५,००० | ८८,१२५,००० |
| बिकास ऋणपत्र २०८६ | १७०,२००,००० | १७०,२००,००० |
| मुद्दती हिसाबहरु र बिकास ऋणपत्रहरुमा लिनुपर्ने व्याज | ३,२०३,८७३ | २८,८८३,६४१ |
| जम्मा: | १८,९३१,००२,८२८ | १५,७९४,०८०,९४० |

➢ मुद्धती लगानीको लिनुपर्ने ब्याजमध्ये रकम रु ३२,०३,८७३ सरकारी ऋणपत्रबाट प्राप्त गर्नुपर्ने ब्याज रकम रहेको छ ।

## ख) अन्य वित्तीय सम्पत्ति

| विवरण | २०७८/७९ | २०७७/७८ |
|---|---|---|
| | रकम रु. | रकम रु. |
| धरौटी | १९४,४५६ | १८९,४५५ |
| कर्मचारी सापटी हिसाब | २६,८७७,५४४ | १९,३०६,८०१ |
| प्राप्त हुन बाँकी अनुदान | ५१३,४७०,२१९ | १३,६७१,४२३ |
| अग्रिम भुक्तानी | ३०१,९८४ | २,२७६,४१० |
| असूल हुने हिसाब अन्य | ४५८,८२८ | ४६३,२०४ |
| पेश्की (कर्मचारी) | १०२,७७६ | १९१,५२६ |
| असूल हुने सुरक्षण दस्तुर | ३०० | २८,८९४ |
| जम्मा: | ५४१,४०६,१०५ | ३६,१२७,७१३ |

➢ कर्मचारी सापटी हिसाबमा कर्मचारी सुबिधामा प्रदान गरिएको घर कर्जा, घर मर्मत कर्जा, कर्जा अन्तर्गत भुक्तानी गरिएको बिमा रकम र ६ महिने समाजिक सापटी हिसाब संलग्न गरिएको छ । कोषले घर कर्जा र घर मर्मत कर्जाको Present Value मुल्याङ्कन गर्ने गरेको छ । यस आ.व मा मुल्याङ्कन दर परिवर्तन भएकाले रकम रु २३,८६,१०३.३२ लाई Restate गरी प्रस्तुत गरिएको छ ।

➢ प्राप्त हुन बाँकी अनुदान रकम मध्ये नेपाल सरकारबाट रकम रु ५१,८५,५५,६०४ प्राप्त गर्नुपर्ने र नेपाल राष्ट्र बैंकबाट रकम रु ५०,८५,३८५ बढी प्राप्त भई जम्मा रकम रु ५१,३४,७०,२१९ प्राप्त गर्न बाँकी अनुदानको रुपमा रहेको छ ।

## ३. नगद तथा नगद समान

नगद र नगद समान अर्न्तगत नगद मौज्दात, बैंकमा रहेको मौज्दात तथा माग तथा अल्प सुचनामा प्राप्त हुने रकममा र अधिग्रहण मितिबाट तीन महिना वा सो भन्दा कमको वास्तविक परिपक्कताका साथ अत्यधिक तरल वित्तीय सम्पत्ति समावेश हुन्छ । नगद र नगद समान वित्तीय स्थितिको विवरणमा परिशोधित लागतमा गरिन्छ । कोषको नगद तथा विभिन्न बैंक खाताहरुमा रहेका मौज्दात निम्न बमोजिम छन् :

| विवरण | २०७८/७९ | २०७७/७८ |
|---|---|---|
| | रकम रु. | रकम रु. |
| नगद | २१,४१२ | - |
| नेपाल बैक लि. काठमाण्डौ | ११,१२३ | ६४,२५६ |
| राष्ट्रिय बाणिज्य बैंक लि. टंगाल | १८८,१६३ | ५५४,९१४ |
| कृषि बिकास बैंक लि. काठमाण्डौ | १८३,११९ | ६१०,६२७ |
| ग्लोवल आइ एम ई बैक लि. काठमाण्डौ | १११,६८१,६७० | ८,१६१,०३३ |
| प्रभु बैंक लि. काठमाण्डौ | ८४६,८३८ | १६,०९८,३१५ |
| लक्ष्मी बैक लि. काठमाण्डौ | ३,०००,३५१ | २४,६४६,०५९ |
| माछापुच्छ्रे बैक लि. काठमाण्डौ | १,८४३,२१६ | २,६४०,०२० |
| सनराइज बैक लि. काठमाण्डौ | २८,२३५,०४५ | ३,५१२,९७९ |
| बैंक अफ काठमाण्डौ लि. काठमाण्डौ | ५,८६२,२४६ | ४,८५४,२५३ |
| हिमालयन बैंक लि. काठमाण्डौ | १८,५२५ | १८,५२५ |
| जनता बैंक नेपाल लि. काठमाण्डौ | | |
| नेपाल क्रेडिट एण्ड कर्मश बैक लि. काठमाण्डौ | ५१,२९९,१२७ | ११,७६६,२१५ |
| प्राइम बैक लि. काठमाण्डौ | ३७,२००,४४५ | २९४,१५५,८०७ |
| नबिल बैंक लि. काठमाण्डौ | १,३०९,८५१ | १२२,०९१ |
| सिटिजन्स् बैंक लि. काठमाण्डौ | २०,९१५,१३९ | २८,८८४,५३२ |
| सिदार्थ बैंक लि. काठमाण्डौ | ३,४९४,०४० | २१९,७०१ |
| सानिमा बैक लि. काठमाण्डौ | १,२०६,५२३ | ४,३५०,५२८ |
| कुमारी बैक लि. काठमाण्डौ | ४४,६१४,४१७ | १७०,३७४,८३० |
| नेपाल इनभेष्टमेण्ट बैक लि. काठमाण्डौ | ८,५२४,५६३ | २,७६७,०२७ |
| एन. आई .सी. एशिया बैक लि. काठमाण्डौ | ९,०६२,५२९ | २६,५८९,२२८ |
| एन.एम.बी. बैक लि. काठमाण्डौ | १६,४४३,०१० | - |
| नेपाल राष्ट्र बैंक, कर्जा | ५,५३९,३६४ | ४८,१२५,०२३ |
| नेपाल राष्ट्र बैंक, निक्षेप | ८२६,८१६ | ५०१,९८८ |
| सेन्चुरी बैंक लि. काठमाण्डौ | १५,०३५,५१५ | २७,४६४,५८८ |
| सानिमा बैक लि. काठमाण्डौ कल्याणकारी कोष | ५,६०६,६८६ | ५,१८३,३२५ |
| नेपाल बैक लि. बिराटनगर | १,००१ | ३१४,६६१ |
| नेपाल बैक लि. नारायणगढ | १८,२७७ | १८,२७७ |
| राष्ट्रिय बाणिज्य बैक लि. पृथ्वीचोक, पोखरा | ३२४,५०८ | २७९,५८३ |
| माछापुच्छ्रे बैक लि, नेपालगंज | ९७२,७८० | १,२१७,७२८ |
| सिटिजन्स् बैंक लि. जनकपुर | १,२३६,५७४ | ३७८,३१२ |
| सिटिजन्स् बैंक लि. धनगडी | ९५९,९७० | १,६५३,६५५ |
| सिटिजन्स् बैंक लि. सुर्खेत | ३०७,३९० | ५२१,६७८ |
| सटिजन्स् बैंक लि. बिराटनगर | ७,३४७,६४२ | ३,८४७,५८० |
| सटिजन्स् बैंक लि. चितवन | ९३०,७५३ | १,२१८,९०२ |
| सटिजन्स् बैंक लि. पोखरा | ४,९१२,१८३ | २,३५६,५५७ |
| राष्ट्रिय बाणिज्य बैंक, लि. काठमाण्डौ विशालवजार, कर्मचारी सुरक्षण कोष | ११,००८ | ११,००८ |
| सनराइज बैक लि. काठमाण्डौ कर्मचारी, औषधोपचार कोष | १,०८७ | १,०८७ |
| राष्ट्रिय बाणिज्य बैक लि. काठमाण्डौ बिशालवजार, कर्मचारी कल्याणकारी संचय कोष | ६,९२० | ६,९२० |
| सिभल बैक लि. | १९,६०६,२८५ | २४,८४१,६६८ |
| नेपाल बङ्गलादेश बैक लि. | १४६,१६१ | ६,४२८,७८४ |
| मेघा नेपाल बैक लि. | ३,७४७,८०२ | १५,२४४,३५५ |
| **जम्मा:** | **४१३,५००,०७०** | **७४०,००६,६१५** |

## ४. मौज्दात :

कोषमा उपलब्ध पशुधन सुरक्षण सामग्री ट्याग, ट्यागिङ मेसिन र ट्यागकटरको मौज्दातको रुपमा देखाइएको छ। मौज्दातलाई लागत वा (Net Realisable Value) मध्ये जुन कम हुन्छ त्यस मुल्यमा मापन गरिएको छ । अन्तिम मौज्दातलाइ प्रथम प्रविष्टि प्रथम निष्काशन प्रणली (FIFO) लाई मौज्दात गणना गर्ने सुत्रको रुपमा प्रयोग गरेको छ र सोहि आधारमा लेखाकंन गरिएको छ।

| विवरण | २०७८/७९ | २०७७/७८ |
|---|---|---|
| | रकम रु. | रकम रु. |
| अन्तिम मौज्दात (पशुधन सुरक्षण साम्रागी) | २,१८४,६७१ | २,२३७,०२५ |
| जम्मा: | २,१८४,६७१ | २,२३७,०२५ |

## ५. आयकर सम्पत्ति

### क) चालु आयकर सम्पत्ति

चालु कर दायित्व (वा फिर्ता प्राप्ति) चालु वर्षको करयोग्य आयमा निर्भर गर्दछ। करयोग्य आय नाफा वा नोक्सान विवरणमा देखाइएको नाफाभन्दा फरक पर्न सक्छ। चालु वर्षको आयकर आयकर ऐन, २०५८ बमोजिम गणना गरिएको छ। सो बमोजिम यस आर्थिक वर्षमा आयकर रकम रु १,३०,०६,७३,०२८ कायम भएको छ । चालु आयकर दायित्वलाई अग्रिम करसँग समायोजन गरि रु २७,९६,०३,७५० आयकर दायित्व देखाइएको छ। उक्त आयकर २०७९, पौष १ मा भुक्तानी गरिसकिएको छ।

| विवरण | २०७८/७९ | २०७७/७८ |
|---|---|---|
| | रकम रु. | रकम रु. |
| अग्रिम आयकर | १,०२१,०६९,२७८ | ९११,८२६,७१४ |
| आयकर दायित्व | १,३००,६७३,०२८ | ९२९,१४७,३९८ |
| जम्मा: | (२७९,६०३,७५०) | (१७,३२०,६८४) |

### ख) स्थगनकर दायित्व/सम्पत्ति

स्थगन कर दायित्व भनेको भविष्यमा तिर्नु पर्ने कर दायित्व हो जुन वर्तमान अस्थाई फरकको कारण सृजना हुन्छ। स्थगन कर सम्पत्ति भनेको भविष्यमा फिर्ता हुने त्यस्तो आयकर हो जो निम्न कुराहरुबाट उत्पन्न हुन्छ :-

- घटाउन मिल्ने अस्थाई फरक अघि सारिएको र प्रयोग नभएको कर घाटाहरु
- अघि सारिएको र प्रयोग नभएको कर credit हरु

यस आर्थिक वर्षमा स्थगन कर सम्पत्ति बापत रु ४,५०,५१,९३० देखाईएको छ। स्थगन करको हिसाब निम्नानुसार गरिएको छ।

| विवरण | वित्तिय विवरण आधार | कर आधार | अस्थाई फरक | कर | स्थगन कर |
|---|---|---|---|---|---|
| | रकम | रकम | रकम | दर | सम्मत्ति / दायित्व |
| **स्थिर सम्पत्ति** | | | | | |
| वित्तिय विवरण अनुसार बाँकी रकम | ४३१,३७०,७५१ | | | | |
| न्यूनः वित्तिय विवरण अनुसार जगगाको मुल्य | (२२०.९२६.९४९) | | | | |
| बाँकी स्थिर सम्पत्ति | २१०,४४३,८०२ | २३२,४७०,८५६ | (२२,०२७,०५३) | ३० | (६,६०८,११६) |
| | | | | | |
| कर्मचारी पेन्सन, उपदान तथा विदा सुविधा | - | १३७,७२१,९९३ | | | |
| यस वर्ष भुक्तानी गरेको रकम | | (९,५७५,९४७) | | | |
| **बाँकी** | - | १२८,१४६,०४६ | (१२८,१४६,०४६) | ३० | (३८,४४३,८१४) |
| | | | | | |
| | | | | | |
| खुद स्थगन कर | | | | | (४५,०५१,९३०) |

## ६. शेयर पुँजी

निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को व्यवस्था अनुसानर कोषको अधिकृत पूँजी रु. १० अर्ब रहेको ५ भने जारी तथा चुक्ता पूँजी पनि रु. १० अर्ब नै रहेको छ ।

| विवरण | २०७८/७९ | २०७७/७८ |
|---|---|---|
| | रकम रु. | रकम रु. |
| अधिकृत पूँजी | | |
| १,०००,००,००० | १०,०००,०००,००० | १०,०००,०००,००० |
| चुक्ता पूँजी | | |
| १,०००,००,००० | १०,०००,०००,००० | १०,०००,०००,००० |
| जम्मा: | १०,०००,०००,००० | १०,०००,०००,००० |

चुक्ता पूँजीमा नेपाल सरकारको ९० प्रतिशत र नेपाल राष्ट्र बैंकको १० प्रतिशत स्वामित्व रहेको छ । शेयर स्वामित्वको विवरण निम्न बमोजिम रहेको छः

### शेयर स्वामित्व विवरण

| शेयरधनी संस्था | २०७८/७९ | २०७७/७८ |
|---|---|---|
| | रकम रु. | रकम रु. |
| नेपाल सरकार | ९,०००,०००,००० | ९,०००,०००,००० |
| नेपाल राष्ट्र बैंक | १,०००,०००,००० | १,०००,०००,००० |
| जम्मा: | १०,०००,०००,००० | १०,०००,०००,००० |

## ७.जगेडा, कोष तथा संचित नाफाः

| विवरण | २०७८/७९ | २०७७/७८ |
|---|---|---|
| | रकम रु. | रकम रु. |
| साधारण जगेडा | २७६,०६९,४७५ | २७६,०६९,४७५ |
| कर्जा सुरक्षण कोष | ३,५५०,४३६,०९० | १,९९१,९०१,२४५ |
| निक्षेप सुरक्षण कोष | ८८२,३२६,०३७ | ८८२,३२६,०३७ |
| निक्षेप सुरक्षण जोखिम कोष | ४,३६९,८६०,९६५ | ३,०१७,३६८,००८ |
| बिमाङ्कीय पुर्नमुल्याङ्कन कोष | ५८,७३७,२३० | १५,३०५,८२९ |
| कर्मचारी कल्याणकारी कोष | - | ३१२,६२०,०१३ |
| संचित नाफा | १५६,१५२,७५२ | ११४,००१,२३९ |
| **जम्माः** | **९,२९३,५८२,५५१** | **६,६०९,५९१,८४६** |

➢ **साधारण जगेडा :** साधारण जगेडा कोषमा आर्थिक वर्ष २०७७।७८ मा रु २७ करोड ६० लाख रहेकोमा यस आर्थिक वर्ष २०७८।७९ पनि रु २७ करोड ६० लाख नै रहेको छ।

➢ **कर्जा सुरक्षण कोष :** निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को दफा ३८ को उपदफा (१) (ख) बमोजिम कर्जा सुरक्षण कोष रहने छ भन्ने व्यवस्था अनुसार कर्जा सुरक्षण कोष सृजना गरिएको छ। कर्जा सुरक्षण कोषमा आर्थिक वर्ष २०७८।७९ मा रु रु १ अर्ब ९९ करोड १९ लाख रहेकोमा यस आर्थिक वर्ष २०७८।७९ मा थप रु १ अर्ब ५६ करोड विनियोजन गरी रु ३ अर्ब ५५ करोड ७ लाख बाँकी रहेको छ।

➢ **निक्षेप सुरक्षण कोष :** निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को दफा ३८ को उपदफा (१) (क) बमोजिम निक्षेप सुरक्षण कोष रहने छ रहने छ भन्ने व्यवस्था अनुसार निक्षेप सुरक्षण कोष सृजना गरिएको छ। निक्षेप सुरक्षण कोषमा आर्थिक वर्ष २०७७।७८ मा रु.८८ करोड २३ लाख रहेकोमा यस आर्थिक वर्ष २०७८।७९ मा पनि रु ८८ करोड २३ लाख नै बाँकी रहेको छ।

➢ **निक्षेप सुरक्षण जोखिम कोषः** निक्षेप तथा कर्जा सुरक्षण कोष ऐन, २०७३ को दफा ३९ बमोजिम एक छुट्टै निक्षेप सुरक्षण जोखिम कोष हुनेछ र सो कोषमा निक्षेप सुरक्षण कोषमा जम्मा भएको वार्षिक सुरक्षण शुल्क बापतको रकमबाट प्रशासनिक खर्च कट्टा गरि बाँकी रहन आउने रकम जम्मा गरिने छ भन्ने व्यवस्था अनुसार निक्षेप सुरक्षण जोखिम कोष सृजना गरिएको छ। सो कोषको रकम सुरक्षित निक्षेपको दाबी भुक्तानी वा शोधभर्नाको लागि मात्र खर्च गर्न सकिने छ। निक्षेप सुरक्षण जोखिम कोषमा आर्थिक वर्ष २०७७।७८ मा रु. रु ३ अर्ब १ करोड ७३ लाख रहेकोमा यस आर्थिक वर्ष २०७८।७९ रु १ अर्ब ३५ करोड २६ लाख थप गरि रु ४ अर्ब ३७ करोड निक्षेप सुरक्षण जोखिम कोषमा जम्मा रहेको छ।

➢ **बिमाङ्कीय पुर्नमुल्याङ्कन कोषः** बिमाङ्कीय मुल्याङ्कनको कममा कर्मचारी उपदान तथा पेन्सनको लागि सृजित व्यवस्था अनुरुप यस कोषको व्यवस्था गरिएको छ। आर्थिक वर्ष २०७७।७८

मा रकम रु १५,३०५,८२९ रहेकोमा आर्थिक बर्ष २०७८।७९ मा रकम रु ४,३४,३१,४०१ थप भई बिमाङ्कीय पुर्नमुल्याङ्कन कोषमा रकम रु ५,८७,३७,२३० जम्मा रहेको छ ।

➢ **संचित नाफा :** निक्षेप तथा कर्जा सुरक्षण कोष ऐनमा उल्लेख भएका सम्पूर्ण कोषहरुको लागि आवश्कयक रकम विनियोजन पश्चात उपलब्ध रकमलाई संचित नाफामा देखाइने गरिएको छ । आ.व २०७८।७९ मा संचित नाफा रकम रु १५ करोड ६० लाख रहेको छ ।

## ८: कर्मचारी अवकाश कोष तथा दायित्व

कोषका कर्मचारीहरुको रोजगार पश्चातका कर्मचारी दायित्वलाई कर्मचारी स्थाई रुपमा कोष्मा नियुक्ति भएको वर्षबाट पहिचान गर्दछ । त्यस्ता दायित्वको मापन उचित मुल्य(Fair Value) मा गर्ने गरिएको छ । सो अनुसार कर्मचारी उपदान लाभ, कर्मचारी पेन्सन लाभ, कर्मचारी विरामी विदा र कर्मचारी घर विदालाई (Certified Actuary) बाट प्राप्त बिमाङ्कीय मुल्याङ्कन प्रतिवेदन (Actuarial Valuation Report) को आधारमा मुल्याङ्कन गराई वित्तीय विवरण तयार गरिएको छ । दीर्घकालिन कर्मचारी अवकाश कोष तथा दायित्वहरु निम्न बमोजिम रहेको छ :

| विवरण | २०७८/७९ | २०७७/७८ |
|---|---|---|
| | रकम रु. | रकम रु. |
| कर्मचारी कल्याणकारी कोष | ३५६,६६८,६४१ | ३१२,६२०,०१३ |
| कर्मचारी पेन्सन कोष | ९५,१२६,४४७ | १११,४८२,४०४ |
